मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वैभव शनिबार ४ पृष्ठको वैभव

**वीरेन्द्र रमण** - मिथिलाको खोजमा गोविन्दपुरको उत्खनन् एउटा कोशे ढुंगा

**ध्रुवसागर शर्मा** - शहरमा बास, गाउँकै खान्कीमा चाख

**रामबहादुर थापा**- सेराप विष्ट गाउँ फर्के रे !

**मार्गरिटा रोड्रिगेज** - मृत्यु हुँदा हाम्रो मस्तिष्कमा के हुन्छ ?

वर्ष २ ● अंक २२७ ● २०८१ साल असार २२ गते शनिबार ● Saturday 06, July 2024 ● सूर्योदय: बिहान ५:१७ बजे ● सूर्यास्त: साँझ ७:०३ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

# मुख्यमन्त्रीलाई बहुमतका साथ विश्वासको मत



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

नयाँ सत्ता गठबन्धनमा मधेश प्रदेश सरकार मधेशी दललाई नै दिने भनेपछि उत्साहित भएर सरकारलाई समर्थन गर्ने निष्कर्षसहित मधेश सरकारमा दाबी गरिरहेका तीन दलमध्ये यसपटक जनमत पार्टीले नै बाजी मार्ने देखिएको छ । सरकारमा दाबी गरिरहेको जसपा नेपाल र लोसपाको रहर पूरा नहुने संकेत गरेको छ ।

मुख्यमन्त्री सतिशकुमार सिंहले शनिशार प्रदेश सभाबाट विश्वासको मत लिने कार्यक्रममा सत्ता गठबन्धनका दुई ठूला दल नेकपा एमाले र नेपाली कांग्रेसले समर्थन गर्ने बताइरहँदा अन्य दलहरुको पनि समर्थनले सिंहले विश्वासको मत पाउने पक्का भएको छ । शनिबार बिहान ११ बजे बस्ने प्रदेश सभा बैठकमा मुख्यमन्त्री सिंहले नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम विश्वासको मत लिने कार्यक्रम रहेको प्रदेश सभा सचिवालयले जनाएको छ ।

जसपा नेपालका नेता एवम् पूर्व मुख्यमन्त्री लालबाबु राउतले संघीय गठबन्धनमा परिवर्तन हुँदासमेत आफुहरुसँग यसमा खासै केही सल्लाह नभएकाले तत्काल पुरानै अवस्थामा रहने जानकारी दिए । उनले विगतमा आफ्नो पार्टीले मधेश प्रदेशका मुख्यमन्त्री सतिश सिंह सरकार निर्माणमा सहयोग नगरेको र यसपटक विश्वासको मतसमेत नदिने बताए । उनले भने, 'नेपाली कांग्रेसको विपक्षी गठबन्धनमा हामी थियौँ, अब नेपाली कांग्रेस र एमालेसँग मिलेर नयाँ गठबन्धन निर्माण भएको छ र यस विषयमा हामीसँग केही सल्लाह र सहमति भएको छैन, त्यसकारण हामी जहाँ छौँ, त्यहाँ नै बस्ने छौँ, विपक्षमा बस्दै आएका थियौँ, विपक्षमै बस्ने छौँ ।'

नेकपा एमालेले जनमतको सरकारलाई विश्वासको मत दिने निर्णयसँगै ह्वीप नै जारी गरेको छ । एमाले संसदीय दलका नेता सरोजकुमार यादवले मधेश प्रदेश सरकार निर्माणक्रममा नेकपा एमालेले महत्वपूर्ण भूमिका खेलेका कारण तत्काल मुख्यमन्त्री परिवर्तनको पक्षमा छैनौँ, त्यसकारण विश्वासको मत दिइने बताए । उनले भने, 'अहिले मुख्यमन्त्री परिवर्तनको विषयमा सोचियो भने अस्थिरता आउने भएकाले वर्तमान सरकारमा नेपाली कांग्रेससहित दलहरु सहभागी भएर अगाडि जानेमा विश्वस्त छौँ ।'

यता जनमत पार्टीका प्रदेश सभा सदस्य वसन्त कुशवाहालले संघमा केन्द्रीय गठबन्धन परिवर्तन भएपछि आफूहरुसमेत नयाँ गठबन्धनमा सहभागी भएको बताउदै वर्तमान मधेश सरकारलाई सबै दलले विश्वासको मत दिने बताए । उनले भने, 'मधेश प्रदेशको मुख्यमन्त्री हाम्रो बटमलाइन हो, नयाँ गठबन्धनसमेत सकारात्मक रहेका कारण विश्वासको मत पाउनेमा ढुक्क छौँ ।'

यता, मधेश प्रदेश सभामा नेकपा एमाले र नेपाली कांग्रेसले मात्रै होइन, नेकपा माओवादी केन्द्रले पनि मुख्यमन्त्री सतिश कुमार सिंहलाई विश्वासको मत दिने निर्णय गरेको छ । जनमत पार्टीकी सचेतक अनिता कुमारी शाहले तीनै दलले मुख्यमन्त्री सिंहलाई विश्वासको मत दिने समझदारी भएको बताइन् । 'अहिलेसम्म कांग्रेस, एमाले र माओवादीसँग हाम्रो मुख्यमन्त्रीलाई विश्वासको मत दिनेबारे समझदारी भएको छ,' उनले भनिन्, 'लोसपाले पनि मत दिन्छौँ भन्नुभएको छ, हेरौँ भोलिसम्म के हुन्छ ।'

नेपाली कांग्रेसका प्रमुख सचेतक कुमकान्त झाले शुक्रबार पार्टीको संसदीय दलको बैठक बसेको बताए । 'हाम्रो दलको बैठक बसेको थियो, हामी सकेसम्म आफैँ सरकार बनाउनुपर्छ भन्नेमा छौँ,' झाले भने, 'तर, आजको बैठकमा सहमति जुट्न सकेन, भोलि फेरि बैठक राखेका छौँ ।' कांग्रेस र एमाले गठबन्धन बनेकाले सिंहले विश्वासको मत पाउने विषयमा कांग्रेस पनि एमालेकै लाइनमा उभिने पक्का छ, किनभने केन्द्रमै मधेश सरकार

*बाँकी पृष्ठ २ मा*

# प्रदेश सभामा बजेटमाथि छलफल शुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८१–८२ को बजेटमाथि २१ दिनपछि मधेश प्रदेश सभामा छलफल प्रारम्भ गरेको छ । अर्थमन्त्री भरत प्रसाद साहले मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८१–८२ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । त्यसपछि बजेटमाथि सामान्य छलफल प्रारम्भ भएको हो ।

छलफलमा भाग लिँदै जनमत पार्टीका प्रदेश सभा सदस्य वसन्त कुशवाहाले बजेट ल्याउनु ठूलो विषय नभएर त्यसको कार्यान्वयन पक्ष बलियो भएको खण्डमा मात्रै यसको प्रतिफल जनताले पाउने जिकिर गरे । उनले बजेटलाई योजनावद्धरुपमा कार्यान्वयन गर्नुपर्ने बताउँदै खर्चमा सुधार नल्याइएको खण्डमा बजेट निर्माणको समेत कुनै औचित्य नरहने बताए । उनले भने, 'बजेट कार्यान्वयन गराउन साउन १ गतेदेखि नै यसमा कार्ययोजना बनाएर कार्यान्वयनमा गरी बजेट समयमा खर्च गर्ने परिपाटी निर्माण गर्न आवश्यक छ ।'

नेपाली कांग्रेसका प्रदेश सभा सदस्य कौशल किशोर रायले बजेटमा धेरै बेथिति देखिएका कारण बजेटमा सुधार आवश्यक रहेको औँल्याए । उनले बजेटलाई समयमा खर्च गर्ने परिपाटी विकास गरेर अगाडि बढेको खण्डमा मात्रै बजेटबाट जनताको अपेक्षा पूरा गरिने योजना सञ्चालन गर्न सकिने बताए । उनले विगतमा बजेटमा जसरी योजनामा हुने गरिएको कमीकमजोरीका कारण मधेशको बदनामी हुने गरेको थियो, अहिले पनि सचेत नभए बजेट कार्यान्वयनमा मधेस प्रदेशले थप बदनामी खेप्ने बताए । रायले योजनामा हुने गरेको बिचौलियाका कारण बजेट फ्रिज हुने गरेको बताउँदै बजेट फ्रिज रोकिनु पर्ने बताए ।

नेपाली कांग्रेसका प्रदेश सभा सदस्य श्याम पटेलले बजेटमा नयाँ सरकार आएपछि सुधार आउने अपेक्षा रहेको तर बजेटमा सुधारको अवस्था नदेखिएको बताए । उनले बजेट खर्चमा प्रदेश सरकारमा हुने कमिसनको खेलका कारण धेरै बदनामी भएको बताउँदै यस्तो बदनामी यसपटकसमेत बजेटमा दोहरिने सम्भावना रहेको बताए ।

शुक्रबार बिहान ११ बजेका लागि बोलाइएको बैठक करिब पौने दुई बजे शुरु हुनासाथ लोकतान्त्रिक पार्टीलगायतका दलले सदनमा उठेर आपत्ति जनाएपछि सभामुख रामचन्द्र मण्डलले बैठक १० मिनेटका लागि स्थगित गरेका थिए ।

लोसपाकी प्रमुख सचेतक रानी शर्मा तिवारीले विभिन्न चार दल चार दिनअघि नै मुख्यमन्त्री भेटेर ध्यानाकर्षण पत्र बुझाएको बताउँदै उनले रेडबुक संशोधन नभएसम्म बैठक सञ्चालन उपयुक्त नहुने बताइन् । उनले आफूहरुले मुख्यमन्त्रीसँग भेटेर तीनबुँदे ध्यानाकर्षण पत्र बुझाएकामा मुख्यमन्त्रीले समेत रेड बुक संशोधन गर्ने आश्वासन दिएका तर रेडबुक संशोधन नभएकाले बजेटमा छलफल वा सभा सञ्चालन उपयुक्त नहुने बताइन् । दलहरुबीच मौखिकरुपमा बजेटमा आवश्यक संशोधन गरिने सहमति भएपछि छलफल शुरु भएको छ ।

# राष्ट्रिय राजनीतिमा समाजवादीको भूमिकाः नेपाल

**मधेशदृष्टि**
**काठमाडौँ ।**

नेकपा (एकीकृत समाजवादी) का नवनिर्वाचित अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले राष्ट्रिय राजनीतिमा आफ्नो पार्टीको महत्वपूर्ण भूमिका र योगदान रहने बताएका छन् । पार्टीको दशौँ राष्ट्रिय महाधिवेशन समापन समारोहमा अध्यक्ष नेपालले मुलुकमा सामाजिक न्याय, समानतासहित विकास तथा समृद्धिका लागि समाजवादी व्यवस्था कार्यान्वयनमा जोड दिए । पार्टीको महाधिवेशनले राष्ट्रिय राजनीतिमा तरङ्ग ल्याएको उनको भनाइ थियो ।



अध्यक्ष नेपालले एकीकृत समाजवादीलाई बलियो क
म्युनिष्ट पार्टीका रुपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरे । वर्तमान सरकारलाई समर्थन कायमै रहेको उल्लेख गर्दै उनले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संसद्मा देखिएका राजनीतिक विषयको सामना गर्नुपर्ने बताए ।

पार्टीका नवनिर्वाचित महासचिव घनश्याम भुसालले महाधिवेशनबाट प्राप्त वैचारिक दृष्टिकोणले कम्युनिष्ट आन्दोलनलाई रुपान्तरण र पुनःगठनका लागि सहयोग पुग्ने विश्वास व्यक्त गरे । पार्टीले नयाँ कार्यसमिति ९३ जनाको बनाएको छ । महाधिवेशनले १९ बुँदे प्रस्ताव समेत पारित गरेको छ ।

# गहुँ, चामल र मकैको मूल्य घट्दा दूधको मूल्यवृद्धि

**मधेशदृष्टि**
**वीरगंज**

संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले घट्दो माग र बढ्दो उत्पादनका कारण गहुँ, चामल र मकैको मूल्य घटेको जनाएको छ । विश्व खाद्यान्नको मूल्य जुन महिनामा स्थिर रहेको एफएओले जनाएको छ । एफएओले सन् २०२४ मा विश्वव्यापी अनाज उत्पादन सर्वकालीन उच्चमा पुग्ने प्रक्षेपण गरेको छ ।

व्यापक एफएओ खाद्य मूल्य सूचकाङ्क गत महिना औसत एक सय २० दशमलव छ अङ्क थियो । यो मे महिनादेखि करिब अपरिवर्तित छ । तथापि सन् २०२३ को तुलनामा सूचकाङ्क दुई दशमलव एक प्रतिशत कम भएको छ । एफएओका अनुसार गहुँको बलियो फसल र उत्तरी गोलार्धमा अनुकूल बढ्दो अवस्थाका कारण सूचकाङ्कको सबैभन्दा ठूलो घटक अनाजको मूल्य मेको तुलनामा तीन प्रतिशतले घटेको छ । सोही अवधिमा माग घटेका कारण चामल र मकैको मूल्य घटेको हो ।

पाम तेलको माग बढेका कारण मेको तुलनामा तरकारी तेलको मूल्य तीन दशमलव एक प्रतिशतले बढेको छ । जैविक इन्धन क्षेत्रको बढ्दो मागले सोया र सूर्यमुखी तेलको मूल्यको दबाबमा योगदान पु¥याएको थियो ।

जुन महिनामा दुग्ध उत्पादनको मूल्य मेको तुलनामा एक दशमलव दुई प्रतिशतले बढेको र अघिल्लो वर्षको तुलनामा छ दशमलव छ प्रतिशतले बढेको छ ।

बढ्दो विश्वव्यापी मागका कारण मक्खनको मूल्य दुई वर्षयताकै उच्चस्तरमा पुगेको छ । यद्यपि, पश्चिमी यूरोपमा उत्पादन घटेको र ओशिनियामा कम इन्भेन्टरीहरूले मूल्यहरूमा माथिल्लो दबाबमा योगदान पुर्‍याएको थियो । चिनीको मूल्य अघिल्लो महिनाको तुलनामा एक दशमलव नौ प्रतिशतले बढेको छ र लगातार तीन महिनाको गिरावटपछि पुनः वृद्धि भएको छ ।



यो वृद्धि मुख्यतया विश्वको अग्रणी चिनी उत्पादक ब्राजिलमा फसलको चिन्ताको कारण हो । एफएओले सन् २०२४ मा विश्वव्यापी अनाज उत्पादनका लागि आफ्नो पूर्वानुमानलाई दुई अर्ब ८५ करोड ४० लाख टनको रेकर्ड उच्चमा परिमार्जन गरेको छ । एजेन्सी

# पोखरियाको बजेट सर्वसम्मतले पारित




मधेशदृष्टि
वीरगंज ।
पोखरिया नगरपालिकाको आठौँ नगर सभाको बन्द सत्र सम्पन्न भएको छ ।
बन्द सत्रबाट ४७ करोड़ १२ लाख ९३ हजार रूपैयाको बजेट सर्व सम्मतले पारित गरेको पोखरिया नगरपालिकाको निमित प्रमुख प्रशासकीय अधिकृत अजय कुमार श्रीवास्तवले जानकारी दिए ।
 पोखरिया नगरपालिकाको नगर प्रमुख प्रद्युमन प्रसाद चौहानको अध्यक्षतामा सम्पन्न बन्द सत्रमा पोखरिया नगरपालिका का वडा अध्यक्षहरु प्रमोद गिरी, केदार महतो चाई ,रामप्रवेश प्रसाद चौहान, लक्ष्मण साह कानु, सीमानंद प्रसाद चौहानलगायत नगरपालिकाका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# चीनविरुद्ध अमलेखगंजमा विरोध प्रर्दशन

**मधेशदृष्टि**
**वीरगंज ।**
चिनियाँ कम्पनीले विकासको नाममा मधेशको लाईफ लाईन मानिएको महेन्द्र राजमार्गमा ढिलासुस्ती गरेको भन्दै सरोकारवालाहरुले विरोध प्रदर्शन गरेका छन् । सिरहा–सप्तरी खण्डमा पर्ने राजमार्ग बनाउने बहानामा नियमित हिसाबले चुरे पहाडको विनाश गर्दै आईरहेकाले शुक्रबार बाराको अमलेखगंजमा चुरे तथा वन जंगल संरक्षण अभियानले चिनियाँ कम्पनी विरुद्ध विभिन्न नाराका साथ विरोध प्रर्दशन गरेको हो ।
चिनियाँ हस्तक्षेप बन्द गर, बिआरआई परियोजना खारिज गर, नेपाल माथिको अनावश्यक चिनियाँ हस्तक्षेप बन्द गर, राष्ट्रिय स्वधिनता कायम गर भन्ने विभिन्न नाराका साथ जुलुस निकाली अमलेखगंजको प्रहरी




चौकीदेखि नेपाल आयल निगमसम्म परीक्रमा गरी कोण सभामा परिणत भएको थियो । विरोध प्रर्दशनमा चुरे तथा वन जंगल संरक्षण अभियानका केन्द्रिय सदस्य भुलावन पासवानले चुरेलाई उत्खन्न गरी विनाश गर्दै आईरहेको, जस्तै अनावश्यक रुपमा पोखरा अन्तराष्ट्रिय विमानस्थल बनाई प्रत्येक नेपाली माथि जबरजस्ती ऋण थुपारेको, चिनियाँ राणनितिक तथा विकासको नाममा भुमरीको जालोमा फस्दाउँदै आएको आरोप लगाए ।
उनले केही दिन अगाडि सिराहा डिभिजन वन कार्यालयले अवैध रुपमा उत्खनन् गर्दै आएका चिनियाँ कम्पनी (श्री चाईना रेल वे नं. २ इन्जिनियरिङ्ग ग्रुप कम्पनी लि. काठमाडौँका स्काभेटर, टिपर तथा चिनियाँ नागरिक पक्राउ गरी जिल्ला अदालत सिराहाले मुद्दा चलाएको बताए । उनले मद्दा विचाराधीन रहेको र तराई मधेशमा विस्तारवादी विरुद्ध हाम्रो सदैव अभियान जारी राख्ने र मधेशलाई मरुभूमि हुनबाट जोगाउन सम्पूर्ण नेपाली एकजुट भई विकासको नाममा विनाश गर्दै आएका कम्पनीको विरोध गर्न आग्रह गरे ।
चिनियाँ कम्पनीहरुले विभिन्न चरणमा नेपाली भूमि मिच्दै आएको र चिनियाँ कम्पनीद्वारा देशको विभिन्न ठाउँमा विकासको नाममा विनाश गर्दै आएको जस्तै नारायणगढ–बुटवल सडक खण्ड, पोखरा अन्तराष्ट्रिय विमान स्थल, महेन्द्र राजमार्ग विकासको नाममा चुरे दोहन लगायतबारे सहभागिहरुले आफ्नो मन्तव्य राखेका थिए ।
कार्यक्रममा अभियानका अभियान्ताहरु पुनदेव चौधरी, सुनिल भान्जा, चित्रलेखा चौधरी, सुनिल कुशवाहा, सुभाष यादव र पार्वती नेपाल लगायत विभिन्न पार्टीका नेता तथा कार्यकर्ता, विधार्थी तथा स्थानीय, समाजसेवीको उपस्थिति रहेको थियो ।

# चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**मधेशदृष्टि**
**सिरहा ।**
जिल्लाको नवराजपुर गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैतसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शुक्रबार कुसियैत, इन्जिनियर कृष्णा साह, सब–इन्जिनियर सन्तोषकुमार यादव र लेखापाल सोमप्रसाद आचार्यविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो । उनीहरूसँग जनही १२ लाख ७ हजार २६० रुपैयाँ बिगो, जरिवाना र सजाय माग गरिएको अख्तियार प्रवक्ता नरहरि घिमिरेले बताए ।
आर्थिक वर्ष २०७७/७८ मा नवराजपर गाउँपालिका–२ मझौरा हुँदै बरगाछीदेखि पटनासम्मको बाटो ग्राभेल गर्दा भ्रष्टाचार गरेको ठहरसहित मुद्दा दायर गरिएको घिमिरेले बताए । बाटो ग्राभेल गर्दा सम्झौता र नापी किताबमा उल्लेख भए बमोजिम फिल्डमा काम नगरी लागत अनुमानभन्दा फरक र कम परिमाणको काम गराएको आरोप उनीहरूमाथि थियो । उजुरीमाथि अनुसन्धान गर्दा ग्राभेल गर्दा वास्तविकभन्दा मूल्यांकन बढाएर झुटो भर्पाई गरी भुक्तानी गरेर प्रतिवेदन तयार गरेको पुष्टि भएको घिमिरेले बताए ।

# ‘विपद् व्यवस्थापन र पूर्वतयारीमा गम्भीर भएर काम गरौँ’

काठमाडौँ ।
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले राजनीतिक परिस्थितिमा उतारचढावजस्तो देखिए पनि सरकारले विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता दिएर काम गर्नुपर्ने बताएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार भएको मनसुनजन्य जोखिमको न्यूनीकरण तथा जोखिम प्रतिकार्यसम्बन्धी उच्चस्तरीय बैठकमा उहाँले प्राकृतिक विपत्तिको उच्च जोखिमयुक्त देश भएकाले तीनवटै सुरक्षा अङ्गको समन्वयात्मक प्रयासमा विपद् व्यवस्थापन पूर्वतयारीका काम व्यवस्थित गर्न निर्देशन दिए ।
प्रधानमन्त्रीले भने, ‘राजनीतिमा उतारचढाव भइरहन्छ तर सरकार र राज्यका निकायले आफ्नो जिम्मेवारी भुल्नु हुँदैन । नेपाल विपद्का दृष्टिले उच्च जोखिमयुक्त देश हो । यो वर्ष मौसम प्रतिकूल हुने पूर्वानुमान छ । त्यसैले व्यवस्थित पूर्वतयारी गरौँ । विपद् व्यवस्थापनमा हामीसँग स्रोत पनि छ तर, कार्यविधिको झन्झटले स्रोत परिचालन गर्न नसकेको कुरा बोध गर्दै यसलाई सहज परिचालन गर्न सकिनेगरी परिमार्जन गरौँ ।



राज्यका सबै निकायको सम्पूर्ण ध्यान पूर्वतयारी र जोखिम न्यूनीकरणमा केन्द्रित गरौँ ।’
छलफलमा गृहमन्त्रालय र नेपाली सेनाकोतर्फबाट गरिएको पूर्वतयारीका लागि आभार प्रकट गरे । छलफलमा नेपाली सेना र गृह मन्त्रालयका तर्फबाट विपद् व्यवस्थापनको पूर्वतयारी र जोखिम पूर्वकार्यसम्बन्धी आफ्नोतर्फबाट गरिएको तयारीबारे प्रधानमन्त्रीलाई जानकारी दिइएको थियो । बैठकमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने, प्रधानसेनापति प्रभुराम शर्मा, निमित्त मुख्यसचिव लीलादेवी गड्तोला, गृहसचिव एकनारायण अर्याल, रक्षासचिव किरणराज शर्मा, प्रहरी महानिरीक्षक वसन्त कुँवर, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याललगायत अधिकारीहरूको सहभागिता थियो । रासस

# विद्यार्थी दुई, शिक्षक पनि दुईः ‘दिन बिताउन साह्रै गाह्रो भयो ’



**बागलुङ ।**
बागलुङको जैमिनी नगरपालिका–८ छिस्ती, धुसस्थित ताराज्योति प्राथमिक विद्यालयमा पछिल्लो तीन वर्षमा विद्यार्थीको संख्या ह्वात्तै घटेको छ । हाल सो विद्यालयमा दुईजना छात्रमात्र अध्ययनरत छन् । उनीहरूमध्ये एकजनाले कक्षा १ र एकजनाले कक्षा ३ मा अध्ययन गर्छन् । कक्षा २ मा भने विद्यार्थी नै छैनन् ।
स्थानीयवासी सुविधाको खोजीमा अन्यत्र बसाइँ सरेपछि विद्यालयमा विद्यार्थी आउन छाडेका प्रधानाध्यापक गोविन्द अधिकारीले जानकारी दिए । विसं २०८० मा तीनजना हुँदै नयाँ शैक्षिकसत्रमा दुईजनामा सीमित भएको छ । उनका अनुसार विसं २०४६ मा स्थापना भएर २०४७ सालमा अनुमति पाएको विद्यालयमा २०७८ सालसम्म ११ जना विद्यार्थी थिए ।
 विसं २०७९ मा त्यो संख्या १० जनामा झर्यो । विद्यालयमा एकजना स्थायी दरबन्दीको शिक्षक, एक अस्थायी र एकजना कार्यालय सहयोगी कार्यरत छन् । बर्सेनि विद्यार्थीको संख्या घट्दै गएपछि विद्यालयको अस्तित्व नै धरापमा परेको छ । पैतीस वर्ष अगाडि स्थापित विद्यालयमा दशक अगाडि विद्यार्थीको चाप हुँदा भुइँमै बसेर पढ्नुपर्ने बाध्यता थियो । तर अहिले भौतिक रूपमा सम्पन्न हुँदा विद्यार्थीको संख्या निकै कम भएका छन् ।
धुसगाउँ भौगोलिक हिसाबले अलि विकटमा हुँदा धेरैले आफ्ना बालबालिका सुविधायुक्त विद्यालयमा पठाउँदा विद्यार्थी कम भएको प्रअ अधिकारी बताउँछन् । गाउँभन्दा नजिकै गुल्मीको पुर्तिघाटमा निजी विद्यालय रहेको हुँदा गाडीले घर नजिकै लिन आउँदा धेरै विद्यार्थी त्यता जान थालेको उनी बताउँछन् । उनले भने, ‘विद्यार्थी कम हुँदा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बन्न नसकेको, आफूहरूमा नैराश्य छाएको छ ।
 पछिल्लो समय गाउँमा बालबालिका पनि कम छन् । भएका पनि सहरबजार जाने प्रचलन बढेको छ । हामी त जागिर खानका लागि यहाँ आइयो विद्यार्थी धेरै नहुँदा सिक्न र सिकाउन पाइएको छैन, दिन बिताउन साह्रै गाह्रो हुन्छ, पहिलेको जस्तो भुइँमा बसेर पढ्नुपर्ने अवस्था छैन, धेरै सुविधा थपिएको छ ।’
खासगरी यस गाउँका स्थानीय बसाइँसराइ गरी चितवन, रुपन्देही गएका छन् । जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले विद्यालयको भौतिक संरचनादेखि अन्य व्यवस्थापन गरेको तर धेरै विद्यालयमा विद्यार्थी संख्या कम हुँदै गएको बताए । नगरपालिकाले कम विद्यार्थी भएको विद्यालयलाई समायोजन गर्ने नीति रहेको उहाँले जानकारी दिए ।
 उनले भने, ‘नगरपालिकाले नगर शिक्षा ऐन बनाएको, त्यसअन्तर्गत रहेर दरबन्दी मिलान अगाडि बढाएको , विद्यालय समायोजनसम्बन्धी कार्यविधि बनाएर काम अगाडि बढेको छ । विद्यालय समायोजनपछि नगरपालिकाले सञ्चालन गरेको ‘लिड’ विद्यालयमा टाढाका विद्यार्थीलाई आवासीय सुविधा प्राप्त हुनेछ ।’
जैमिनी नगरपालिकाका शिक्षा शाखा प्रमुख खेमप्रसाद आचार्यले ताराज्योति प्राथमिक विद्यालयलाई छिट्टै समायोजन गर्ने जानकारी दिए । अहिले नगरपालिकाले कुन विद्यालय समायोजन गर्ने, कुन तह मिलान गर्ने भन्ने विषयमा अध्ययन गरिसकेको उनले बताए । रासस

# ‘अर्थतन्त्रमा कृषि र औद्योगिक क्षेत्रको योगदान बढाइनुपर्छ’

**काठमाडौँ ।**
अर्थमन्त्री वर्षमान पुनले नेपालको अर्थतन्त्रमा कृषि र औद्योगिक उत्पादनले बढी योगदान गर्नुपर्नेमा सेवा क्षेत्रको विस्तार बढेको बताएका छन् । नेपाल–चीनमैत्री मञ्चले शुक्रबार यहाँ आयोजना गरेको ‘नेपालको कृषिमा रूपान्तरण’ सम्मेलनमा अर्थमन्त्री पुनले प्राथमिक क्षेत्रको विकासबिना सेवा क्षेत्रबाट मात्रै मुलुकको आर्थिक अवस्थालाई सुधार्न नसकिने बताए । ‘मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिडिपी)मा कृषिको २४ प्रतिशत हाराहारी मात्रै योगदान छ तर ६० प्रतिशतभन्दा बढी जनसंख्या कृषिमा आबद्ध छन् । अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान बढेको छ’, अर्थमन्त्री पुनले भने, ‘कृषिको जनशक्ति औद्योगिक क्षेत्रमा जानुपर्नेमा एकैचोटी सेवा क्षेत्रमा गएको छ । कृषिबाट औद्योगिकीकरणमा जानुपर्ने गरी अर्थतन्त्रको संरचना निर्माण हुनुपर्छ ।’
नेपालका उत्पादनले दुई ठूला मुलुकको बजारमा पहुँच विस्तार गरेर लाभ लिनसक्ने भएकाले आन्तरिक उत्पादन बढाउनु नै अहिलेको आवश्यकता रहेको उनले स्पष्ट पारे । ‘हामी भूपरिवेष्ठित र भौगोलिक रूपमा कठिन भूगोलमा रहेकाले खाद्य सुरक्षाका क्षेत्रमा लगानी गर्नैपर्छ, जनशक्ति उत्पादन गर्नैपर्छ’ उनले भने, ‘अहिले पनि करिब तीन खर्ब रुपैयाँको कृषि उत्पादन आयात भइरहेको तथ्यले यस क्षेत्रमा उत्पादन बढाएर बजार खोज्ने सम्भावना छ भन्ने देखाउँछ । हामीले दुई ठूला छिमेकी मुलुकका बजारको लाभ पनि लिन सक्छौँ ।’
चिया, कफी, अलैँची, अदुवालगायतका प्रतिस्पर्धी वस्तुमा लगानी केन्द्रित गर्ने र त्यस्ता वस्तुको उत्पादन बढाउने हो भने नेपालले विश्व बजारमा नै प्रतिस्पर्धा गर्नसक्ने अर्थमन्त्री पुनको धारणा छ । कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर सरकारले आगामी आर्थिक वर्ष २०८१÷८२ को बजेटमार्फत कृषिमा लगानी दशक घोषणा गरेको उनले उल्लेख गरे । ‘अहिलेको सरकारले मात्र होइन, यसअघिका र यसभन्दा पछिका सरकारले कृषि उत्पादन बढाउने विषयलाई प्राथमिकतामा राख्नुपर्नेमा दुईमत छैन । सरकार परिवर्तन भए पनि नीतिगत स्थायित्वबाट नतिजा खोज्ने हो’ अर्थमन्त्री पुनले भने, ‘अब हामी कृषि उत्पादनसँगै पर्यटन, ऊर्जा, सूचना प्रविधिलगायतका क्षेत्रलाई प्राथमिकतामा राखेर जानुपर्छ ।’
सरकारले कृषि क्षेत्रमा दिँदै आएको अनुदानको प्रभावकारिता न्यून देखिएको बताउँदै उनले उत्पादनमा अनुदान दिइने व्यवस्था कार्यान्वयनमा आउनुपर्नेमा जोड दिए ।
कार्यक्रममा नेपाल सरकारका पूर्वकृषिसचिव गणेश जोशीले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको बताउने गरे पनि सरकारले बजेटको न्यून अंश मात्रै कृषि क्षेत्रमा खर्च हुने गरेको बताए । ‘सरकारले वार्षिक रूपमा विनियोजन गर्ने कूल बजेटको करिब तीनदेखि चार प्रतिशत मात्रै कृषि क्षेत्रका लागि छुटयाइने गरेको छ । कृषिमा छुट्याइने कुल बजेटमध्ये ९० प्रतिशत चालू र १० प्रतिशत मात्रै पुँजीगत शीर्षकमा जान्छ’ उनले भने ‘स्थानीय तहले पनि बजेट विनियोजन गर्दा कृषिलाई प्राथमिकता दिएको देखिँदैन ।’
अन्य क्षेत्रको तुलनामा कृषि क्षेत्रमा हुने वृद्धिले गरिबी निवारणमा बढी प्रभावकारिता देखिने पनि उनले बताए । सरकारले आगामी आर्थिक वर्षको बजेटबाट कृषि क्षेत्रमा लगानी दशक घोषणा गरेकामा त्यसलाई सफल बनाउन विप्रेषणबाट भित्रिएको रकम कृषिमा लगानी गर्नसक्नुपर्ने भन्दै पूर्वसचिव जोशीले निर्वाहमुखीबाट व्यावसायिक कृषिमा रूपान्तरण अपरिहार्य रहेकोमा जोड दिए ।
कृषि अर्थशास्त्री प्रद्युम्नराज पाण्डेले रासायनिक मलमा छुट्याइने अनुदानबाहेकको रकम हेर्दा भने कृषि मन्त्रालयमा निकै कम बजेट जाने गरेको बताए । ‘रासायनिक मलमा जाने अनुदानलाई अर्थ मन्त्रालयबाट सोझै कृषि सामग्री कम्पनी लिमिटेड र साल्टट्रेडिङ कर्पोरेसनमा पठाउने हो भने कृषि मन्त्रालयको बजेटको वास्तविक आकार देखिन्छ’ उनले भने । नेपाल–चीनमैत्री मञ्चका अध्यक्ष डा कल्याणराज शर्माले कृषि क्षेत्रमा न्यून लगानी हुँदा उत्पादन बढ्न नसकेको बताए । युवामा कृषिप्रतिको आकर्षण घटेको र उत्पादित वस्तुको बजारीकरणमा समस्या रहेकाले सरकारले त्यसलाई सम्बोधन गर्नुपर्नेमा उनले जोड दिए । रासस

# मुख्यमन्त्रीलाई...

मधेशी दललाई दिने भनिएको छ । यता, नेकपा माओवादी केन्द्रले पनि जनमत नेतृत्वको सरकारलाई समर्थन गर्ने भनेको छ । मधेश प्रदेशमा नेकपा एमालेसँग नेपाली कांग्रेस र जनमत पार्टी मिल्दा मात्रै सरकारसँग स्पष्ट बहुमत पुग्ने आँकडा छ । नेपाली काग्रेससँग २२, नेकपा एमालेसँग सभामुखसहित २५ र जनमत पार्टीसँग १३ प्रदेश सभा सदस्य छन । ५४ सदस्य पुग्न यही तीन दलको आँकडा काफी छ । सरकारमै रहेका नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीले पनि सरकारलाई समर्थनसहित विश्वासको मत दिने भएका छन् । मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशसभाबाट बहुमत प्राप्त गर्न नसकेपछि जनमत पार्टीका सांसद सिंह ५५ प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए । उनलाई प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले जेठ २५ गते मुख्यमन्त्रीमा नियुक्त गरेकी थिइन् । सिंहलाई नेकपा नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनमत पार्टी, नेकपा एकीकृत समाजवादी, नागरिक उन्मुक्ति र नेपाल संघीय समाजवादी पार्टीका ५५ प्रदेशसभा सदस्यले समर्थन गरेका थिए ।

# मिथिलाको खोजमा गोविन्दपुरको उत्खनन् एउटा कोशे ढुंगा



वीरेन्द्र रमण

*शिलानाथाभिधलिङ्ग तथा वैं कपिलेश्वरम् । सर्व सिद्धिप्रदं नृणां पूर्व द्वारे प्रतिष्ठितम् ।*
*कूपेश्वरं तथाग्नेये लिङ्ग सर्वाघ नाशनम् । याम्यां सिद्धिप्रदं लिङ्ग कल्याणेश्वर नामकम् ॥*
*सर्व सिद्धिकरं लिङ्ग वारुण्याञ्च जलेश्वरम् । सौम्ये जलाधिनाथाख्यं तथा क्षीरेश्वरं मतम् ॥*
*ऐशान्यां त्रिजगत्ख्यातं नाम्ना वै मिथिलेश्वरम् । भैरवाख्यो महादेवो नैर्ऋत्यां ग्राम रक्षकः ॥*
*एवमादीनि लिङ्गानि नैकशः संस्थितानि च । योगनिद्रा महामाया तथा नगर देवता ॥*

राजा जनकले मिथिलाको राजधानी जनकपुरधामको सम दूरीमा चारवटा मठ निर्माण गरेका थिए । महोत्तरीको जलेश्वरमा जलेश्वरनाथ, धनुषाको क्षीरेश्वरमा क्षीरेश्वरनाथ, धनुषाकै गोविन्दपुरमा मठेश्वरनाथ र भारत बिहार राज्यको काल्याणेश्वरमा कल्याणेश्वरनाथ मन्दिरको निर्माण गरेका थिए । त्यसमध्ये जलेश्वरनाथ, क्षीरेश्वरनाथ र कल्याणेश्वरनाथ मन्दिर आज पनि पूजापाठ हुन्छ भने मठेश्वरनाथ मन्दिरको केही भग्नावशेष मात्र बाँकी छ ।



मिथिला क्षेत्र राजनितिक रुपमा मात्रै हैन प्रकृतिक प्रकोपको कारणले समेत विभिन्न उतारचढाव खेपेको छ । जसका कारण कतिपय एतिहासिक महत्वपूर्ण सम्पदाहरुको धर्तीमा पुरिए । तर कुनैपनि काल खण्डमा यसको विस्तृत अध्ययन गरिएन । मिथिला क्षेत्रको राजधानी जनकपुरको चर्चा रामायणकालीन ग्रन्थहरुमा बढि हुने गरिएको छ । तर त्यो भन्दा पनि मिथिला क्षेत्रमा सीताको बाबु जनकपछि पनि धेरै वर्षसम्म मिथिलाका राजाहरुले राज्य गरेका छन् । जसको उदाकरण र व्यवस्था तहसनहस भए र यसले आफ्नो इतिहासलाईको ती स्वर्णिमकाललाई समेत पृथ्वीले आफनो गर्भमा लुकाए ।

पौराणिक मान्यता अनुसार मिथिला नाम पौराणिक राजा 'मिथि' को नामले नामकरण गरिएको हो । उनी आफ्नो पिता राजा निमीको शरीरबाट बनाइएको मान्यता रहेको छ । किनभने उनको उत्पति आफ्नो पिताको शरीरको मन्थन उपरान्त भएको थियो, जस कारण उनको नाम मिथि भनिएको हो । पौराणिक परम्परामा राजाको



प्रमाणहरु महाभारत लगायतका धार्मिक ग्रन्थहरुमा पाइन्छ । वज्जिका संघमा मिथिला सम्माहित हुनु पूर्व मिथिला क्षेत्र समृद्ध राज्य व्यवस्था थियो । तर यसको विषयमा कहिले पनि खोज अनुसन्धानको प्रयास गरिएन । यसकारणले मिथिला वज्जिका संघमा सम्माहित भएपछि मिथिलाको राज्य शासकीय क्षेत्रको नाम राजाको नामबाट राख्ने गरिएको थियो । त्यसै कारण मिथिको नामबाट यो क्षेत्रको नाम मिथिला हुन गएको हो । मिथिला जनकपुरीको राजधानी थियो र राजा मिथि जनकबाट उत्पन्न भएकोले स्वयम् मिथि र उनी लगायत भएका शासकहरू मेत जनक भनिए । यस पछि मिथिलाका



राजाहरूलाई जनक भन्न सुरु गरिएको थियो । सीताको पिता सीरध्वज जनक हुन् जुन वाल्मीकि रामायणको हिसाबले जनकपुरीको २५औँ राजा भएका थिए । देवी भागवत अनुसार निमिको १९औँ पुस्तामा राजर्षि जनक सीरध्वज भएका थिए । उनको विद्वताको चर्चा देवी भागवत, श्रीमद्भगवद्गीता, विष्णु पुराण, वृहद् विष्णुपुराण र अन्य पौराणिक ग्रन्थहरूमा उल्लेख गरिएको छ ।

बाँकी पृष्ठ (घ) मा

## 'यो शिव मन्दिरको संचरना जस्तो लाग्छ'

प्रकाश दर्नाल, पुरातत्व विद्



**अहिले मन्दिरको उत्खनन् गर्दा कति वर्ष पुरानो संरचना हो जस्तो लाग्छ ?**
हामीले जे जति उत्खनन् गरेका छौँ, त्यसले यस स्थानको संरचना प्राचीन रहेको देखिन्छ । उत्खनन्मा जुन किसिमको शैलीहरु फेला परेको छ त्यो शैली हेर्दा निकै प्राचीन रहेको छ । मन्दिरको पेटीको शैली तथा निर्माण अवस्था हेर्दा हाम्रो पुर्खाहरु कति सिपालु थिए त्यसको विषयमा समेत जानकारी दिने गरेको छ । अर्को तर्फ यो निकै प्राचीन शिव मन्दिर रहेको देखिन्छ । अन्य संरचनाहरुको विषयमा अनुसन्धानको क्रममा रहेको छ तर तत्काल प्रमाणको आधारलाई हेर्न हो भने हामी यति भन्न सक्छौँ यो ज्यादै प्राचीन स्थल र संरचना हो ।

**यस ठाउँमा केही अक्षरहरु भेटिएको छ । यसबारे तपाईको बुझाई के छ ?**
यहाँ मन्दिरको ढुंगामा केही अक्षरहरु देखिएका छन् । भारतमा त्यसलाई गुप्त शैली भन्ने गरिएको छ भने नेपालमा यसलाई लिच्छवी शैली भन्ने गरिन्छ त्यो पाइएको छ । मन्दिरको अगाडि भेटिएको अक्षर पूर्व लिच्छवी कालको हो कि जस्तो लाग्छ तर यस विषयमा थप अध्ययनहरु भईरहेको छ । अक्षर र संरचनाहरुको विषयमा अध्ययनहरु भईरहेको छ ।
त्यसकारणले सम्पूर्ण अध्ययनमा समय लाग्ने भएपछि तत्काल हामी भन्ने सक्छौँ यो लिच्छवी कालको हाराहारिको होला ।

**कुन मन्दिरको संरचना जस्तो लाग्छ ?**
उत्खनन् गर्दा गर्भ गृहमा मुर्तिहरु भेटिएको भए ठ्याक्यै यो मन्दिर यस भगवानको हो भन्न सकिन्थ्यो । तर त्यो अवस्था भने छैन् तर बनावटी हेर्दा उत्तर तिर प्वाल देखिएको छ । यी सबै संरचनाहरुले गर्दा यो शिव मन्दिर हो कि जस्तो लाग्छ । तर अझ उत्खनन् पछि धेरै कुरा आउन सक्छ । बाहिर पट्टि पनि मन्दिरको पर्खालहरु देखिन्छ । त्यसले समेत यसको प्राचीनता र भव्यताको आभास दिने गरेको छ । स्थानीयवासीहरुले यस स्थानलाई मठेश्वर भन्ने गरेको कारणले गर्दा समेत यस स्थान शिव मन्दिरको नै हो कि जस्तो आफुहरुलाई लागेको छ ।

**जनकपुरको चारै तिर शिव मन्दिर थिए ,त्यस मध्ये यो पनि एउटा हो कि ?**
हुन सक्छ किन भने यो मन्दिर पूर्व स्थानमा रहेको छ । अर्को स्थानीयहरुको जनजिब्रोमा समेत आईसकेको अवस्था रहेको छ । त्यसकारणले गर्दा यो प्राचीन मन्दिर मध्ये एक होला र कुनै काल खण्डमा खण्डहर बनेको हो जस्तो लाग्छ । विस्तारै थप उत्खनन् भएपछि धेरै कुराहरु बाहिर आउने छन् । केही समय लाग्ला तर मन्दिरको सबै कुराहरु विस्तृत रुपमा नै अगाडि आउने छन् ।

# शहरमा बास, गाउँकै खान्कीमा चाख

*शहरको स्वादले मात्र सन्तुष्ट नहुने र गाउँले अर्गानिक उत्पादनको स्वाद बिर्सन नसकेका उपभोक्तालाई लक्षित गरी बजार र गाउँगाउँमा स्थानीय कृषि उत्पादन राखेर 'लोकल मार्ट', 'कोसेली घर' र 'सौगात घर' खोलिएका छन् । ती पसलहरुमा कृषकले फलाएका ससानो परिमाणका कृषि उपज जुटाएर बेच्न राखिन्छ।*

**ध्रुवसागर शर्मा**

भारतीय सेनाबाट निवृत्त भएपछि पोखराको अमरसिंह चोकमा बस्दै आएका म्याग्दीको मालिका गाउँपालिका–५ देवीस्थानका तोपबहादुर बूढालाई रातो च्याउ, सिमी, टुसा र निगुरोको तरकारी नभई खानै रुच्दैन । पोखरा पठाउन गाउँबाट ल्याएको अर्गानिक उत्पादनको पोको देवीस्थानबाट दरबाङ आएको बोलेरो जिपबाट निकाल्दै गर्दा दरबाङ बसपार्कमा भेटिएकी बूढाकी आफन्त पर्ने ४२ वर्षीया लालकुमारी बूढाले भनिन्, 'शहरको बास भए पनि खान्की भने गाउँकै चाहिने, गाउँको उत्पादन सहरमा, बजारको गाउँमा । जङ्गलका टुसा, मुना र सागपात पनि गाउँमा नरहने भए ।'

लालकुमारीको असन्तोषी अभिव्यक्तिले सहरको सुविधा र गाउँको स्वादको प्रतिविम्ब झल्काएको छ । पैसा कमाएपछि र शहरमा बस्न सक्ने हौसियत बनाएपछि सुख सुविधाको खोजीमा गाउँ छोडेर सहर पस्नेहरुको संख्या बढ्दै गएपछि गाउँहरु रित्ता हुँदै जान थालेका छन् । खेतबारी बाँझिदै र वनपाखा झ्याङ्गीदै गइरहेको अहिलेको अवस्थामा सहर पसेकाहरुको जिब्रोमा गाउँले अर्गानिक उत्पादनको स्वाद लिने चाहना भने बढ्दै गएको छ ।

म्याग्दीको सदरमुकाम बेनीबजारमा बस्दै आएकी धवलागिरि गाउँपालिका–७ धारापानीकी ७२ वर्षीया टीकाकुमारी थापा, मालिका गाउँपालिका–१ निस्कोट गाउँबाट १४ वर्षअघि बेनी झरेका भवहादुर पुन, देवीस्थानको रुन्माबाट झरेर दरबाङ बजारमा बस्दै आएका वीरबहादुर सिउथानी गाउँको अर्गानिक उत्पादन झिकाएर खाने गरेका छन् । उनीहरु मात्रै होइन, गाउँ छोडेर सहर पसेका अधिकांश व्यक्तिको भान्छामा मौसमी गाउँले अर्गानिक खानेकुराहरु पाक्ने गर्दछ । उनीहरु भन्छन्, 'सहरको बास भए पनि खान्कीमा भने गाउँले उत्पादनको चाख छ ।'

श्रीमान् वैदेशिक रोजगारीमा गएपछि श्रीमती छोराछोरीलाई लिएर बजार झर्ने गरेकाले ग्रामीण बस्तीमा जनसंख्या पातलिँदै गएको दरबाङका व्यवसायी भरत सुवेदीले बताए । 'पहिले धेरै चलहपहल हुने गाउँ अहिले सुनसान बन्दै गएका छन्, खेतीयोग्य जमिन बाँझो भएका छन् । प्रत्येक घरमा कम्तीमा छ÷सात जना परिवारका सदस्य हुने घरमा अहिले पूरा खाली खाली देखिन्छन् भने कतै वृद्ध बुबा–आमा मात्र भेटिन्छन्' उनले भने, 'घर संरक्षणको अभावमा खाली हुँदा खेतबारी बाँझोमा परिणत भएका छन् ।'

सुख र सुविधाको खोजी गर्दै सहरमा बसाइँ सरेका मान्छेहरुले गाउँको परम्परागत खान्कीलाई भने भुल्न सकेका छैनन् । ग्रामीण घरका अगेनामा पकाइने खान्की छोडेर शहर पसेकाहरु सहरका भव्य भवनका आधुनिक भान्छामा पकाइएका परिकारहरुमा गाउँले खान्कीको स्वाद खोज्न थालेपछि गाउँका खेतबारी, खोल्साखाल्सी र वन जङ्गलमा उत्पादन हुने अर्गानिक




उत्पादनहरुको माग सहरमा बढ्दै जान थालेको म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठले बताए ।'गाउँ छोडेर सहर पसेका मात्रै होइन, विभिन्न ठाउँहरुबाट म्याग्दी घुम्न आएका आन्तरिक पर्यटकहरुले समेत गाउँको अर्गानिक उत्पादन खोज्ने गरेका छन्' अध्यक्ष श्रेष्ठले भने, 'म्याग्दी पर्यटकीय जिल्ला पनि भएकाले यहाँ उत्पादन हुने अर्गानिक खानेकुरा, तरकारी र फलफूलको बजारीकरणका लागि सदरमुकाम बेनी र ग्रामीण क्षेत्रमा समेत कोशेली घर सञ्चालन गरेर अर्गानिक उत्पादनहरुको खरिद बिक्री हुने गरेको छ ।'

सदरमुकाम बेनीबजारमा मात्रै सातओटा अर्गानिक उत्पादनहरुको खरिद बिक्री हुने पसलहरु सञ्चालनमा छन् । त्यसैगरी पश्चिम म्याग्दीको दरबाङमा पनि अर्गानिक उत्पादनको माग बढ्दै गएपछि पसल सञ्चालन गर्नेहरु बढ्दै गएका दरबाङका होटल व्यवसायी अमृत सापकोटाले बताए । शहरको स्वादले मात्र सन्तुष्ट नहुने र गाउँले अर्गानिक उत्पादनको स्वाद बिर्सन नसकेका उपभोक्तालाई लक्षित गरी बजार र गाउँगाउँमा स्थानीय कृषि उत्पादन राखेर 'लोकल मार्ट', 'कोसेली घर' र 'सौगात घर' खोलिएका छन् । ती पसलहरुमा कृषकले फलाएका ससानो परिमाणका कृषि उपज जुटाएर बेच्न राखिन्छ ।

म्याग्दीका गाउँमा फलेका अर्गानिक र जैविक खाद्यान्न काठमाडौँ, पोखरा, चितवनलगायतका देशभित्रका सहरमा मात्रै होइन, विदेशका भान्छाहरुमा समेत पुग्न थालेका बेनी कोशेली घरका सञ्चालक सुमन पौडेलले बताए । 'प्रायः सबैको रोजाइमा अर्गानिक उत्पादन पर्ने गरेका छन् । गाउँबाट सहर पसेका, पुख्र्यौदेखि सहरमै बसेका र विदेशबाट नेपाल घुम्न आएकाहरु सबैले अर्गानिक वस्तुको सोधीखोजी गर्ने र धेरैथोरै किनेर कोशेली लैजाने गरेका छन् ।'

गाउँका किसानहरुले उत्पादन गरेका जैविक खाद्यान्न, तरकारी र जङ्गल तथा सिमसार क्षेत्रमा प्राकृतिक रुपमा नै उत्पादन हुने च्याउ, टुसा, मुना, निगुरो, ढकायो आदि ग्राहकहरुको रोजाइमा रहेको उनले बताए । कोसेलीघरमा मार्सी, गौरिया, गुडुरा, जेठोबूढो चामल, कोदो, फापरको पिठो, मकैको च्याँख्ला, जौको पिठो, सातुजस्ता स्थानीय खाद्य सामग्री, लेकाली सिमी, बोडी, मुलाको जरा (सिन्धी), मूलाको गुन्द्रुक, घिउ, परम्परागत मुढेघारको मह, भीर मह, भाँगो, सिलम, जङ्गली रातो च्याउ, टुसा, निउरोको सुकुटी, ढकायोको गुन्द्रुक आदि बिक्रीका लागि राखिएको छ ।

मितेरी लोकल मार्टकी सञ्चालिका पुष्पा पुनका अनुसार म्याग्दीको दोवामा उत्पादन हुने 'खैरो, छिर्केमिर्के सिमी, मुस्ताङको कालो सिमी र फापरको पिठो, तोरीपानीको टिम्मुर, रुममा उत्पादन हुने भाँगो, दोबा र बरन्जाका स्वादिष्ट बदाम, गुर्जाको रातोच्याउ र भीर मह अनि गौरिया, गुडुरा धानको चामल सहरमा बस्ने उपभोक्ताले बढी रुचाउने गरेका छन् । सिस्नोको पाउडर, टिमुरको चटनी, डालेचुक (सिवकथ्रोन) को जुससमेत खोजी गर्दै उपभोक्ताहरु आफ्नो पसलमा आउने गरेका उनले बताए ।

म्याग्दीमा पहिलोपटक १२ वर्षअघि लघु उद्यम विकास कार्यक्रमले 'सौगात कोसेली घर' स्थापना गरेको थियो । कोसेली घर कृषकले घरमा उब्रेको थोरै कृषि उपज होस् वा कृषक समूहमा उत्पादित, फसल बजार पुर्‍याउने माध्यम भएका छन् । खेतबारीमा उत्पादन भएको सानो परिमाणको अन्नपात मात्र होइन, लेकाली प्राकृतिक हावापानीमा उत्पादित अर्गानिक खाद्य जे पनि बिक्री हुने व्यापारीहरु बताउँछन् ।

जङ्गलमा आँफै उत्पादन हुने  निउरो, टुसा, ढकायो र

*बाँकी पृष्ठ (घ) मा*

# सेराप विष्ट गाउँ फर्के रे !

**रामबहादुर थापा**

***गाउँ फर्केर उद्यमी बन्ने सोचलाई उनले कृषिमा मात्र सीमित गरेनन् । चामे गाउँपालिका–५ मा खुलेको 'हेप्पी होम होमस्टे' उनको अर्को व्यावसायिक कर्म हो । विश्वप्रसिद्ध अन्नपूर्ण पदमार्ग छेउ रहेको उक्त 'होमस्टे'ले विष्टलाई पर्यटन उद्यमीका रूपमा समेत चिनाएको छ ।***

हिमालपारि मनाङका सेराप विष्ट, 'चेमी ङ्या' अर्थात् चामेमाथि ठूलो गरामा एकतमासले केराउ टिपिरहेका थिए । । हामी टक्क अडिन मात्र के भ्याएका थियौँ, 'चाखुहुन्छ ?' भन्दै उनी हामीछेउ आइपुगे । भर्खरै टिपेको केराउ थमाए । हंसमुख र विनम्र वचनसहित टक्र्याएपछि केराउको स्वाद नलिइ भएन । अहो ! कति रसिलो ।

हाम्रो उद्देश्य केराउको स्वाद चाख्नु नभइ उनीबारे जानकारी लिनुथियो । हामीले थप नअल्मिलिँदै जिज्ञासा राख्यौँ, उनी पनि सजिलो गरी प्रस्तुत भए । जीवनका अन्तरकुन्तर खोले । सपनाको सहर काठमाडौँबाट जन्मथलो फर्केर कृषि र पर्यटन व्यवसायमा रमाइरहनुभएका ३२ वर्षीय युवा । विसं २०६५ मा विद्यालय शिक्षा पूरा गरी विष्ट उच्च शिक्षा अध्ययनका लागि राजधानी छिरेका थिए । म्यानपावर कम्पनीमा काम गर्दै होटल व्यवस्थापन पढे तर आर्थिक अभावले पढाइलाई १२ कक्षाभन्दा अगाडि बढाउन सकेनन् । 'भृकुटीमण्डमा घोडा तान्ने कामदेखि के सम्म गरिएन काठमाडौँमा', विष्ट विगततिर फर्किए, 'पराइ ठाउँ, न घरपरिवार न आफन्त, छाक टार्ने जागीरले काठमाडौँको बसाइँ सकसपूर्ण हुन थालेपछि म आफ्नै ठाउँ चामे फर्किएँ ।' नौ वर्षको काठमाडौँ बसाइँलाई बिट मारेर उनी विसं २०७५ मा मनाङ फिर्किए । सदरमुकाम चामेमा विष्टका बुबाआमा निर्वाहमुखी कृषि गरिरहेका थिए तर व्यावसायिक चेत थिएन । जेठा छोरा सेराप गाउँ फर्किएपछि दुःखसुख गरेर जीवन धानिरहेका विष्ट दम्पतीको जीवनले पनि नयाँ मोड लियो ।

सेरापले गाउँ फर्केपछि 'विष्ट एप्पल फार्म' स्थापना गरे । त्यो बेला 'फार्म' दर्ता कसरी गर्नेसम्म उनलाई थाहा थिएन । गाउँपालिका अध्यक्ष लोकेन्द्र घलेले त्यसमा सघाए । तनहुँको दमौली पुगेर सेरापले स्थायी लेखा नम्बर 'पान' नम्बर ल्याए । चार रोपनीमा फैलिएको 'फार्म'मा अहिले स्याउ फलिरहेका छन् । स्याउसँगै उनले व्यावसायिक तरकारीखेती सुरू गरे । प्लाष्टिक घर (टनेल)मा लटरम्म गोलभैँडा फलेका छन् । चामेका होटललाई चाहिने तरकारी उनले नै पुर्‍याउँछन् । 'चार रोपनीमा आलु र दुई रोपनीमा गोलभैँडा, काउली, बन्दालगायत अरु तरकारी लगाएको छु', उनले सुनाए, 'किवी, आरु, खुर्पानीलगायत मौसमअनुसारका फलफूल पनि लगाएको छु ।'

गाउँ फर्केर उद्यमी बन्ने सोचलाई उनले कृषिमा मात्र सीमित गरेनन् । चामे गाउँपालिका–५ मा खुलेको 'हेप्पी होम होमस्टे' उनको अर्को व्यावसायिक कर्म हो । विश्वप्रसिद्ध अन्नपूर्ण पदमार्ग छेउ रहेको उक्त 'होमस्टे'ले विष्टलाई पर्यटन उद्यमीका रूपमा समेत चिनाएको छ । 'होमस्टे सञ्चालनमा ल्याएको नौ महिना बित्दैछ, दुई पर्यटकीय याममा हामीले सेवा दिइसकेका छौँ' विष्टले भने, 'पाहुनालाई आफ्नै बारीको उत्पादन चखाउने हेतुले होमस्टे सञ्चालनमा ल्याएका हौँ, हामीकहाँ नेपाली र विदेशी दुवै खाले पर्यटक आउँछन् ।'

चामेको रैथाने बाली उवा, फापर, आलु, सिमीलगायतका परिकार उनको भान्छामा पाक्छ । पर्यटकले चाहेमा बारीमा पुगेर आफैँ तरकारी टिप्न र पकाउन पनि पाउँछन् । विशुद्ध पारिवारिक वातावरण दिएर पर्यटक लोभ्याउने विष्टको सोच छ । उनले भने, 'हाम्रो आमाले पहिले भान्छामा जे पकाउनुहुन्थ्यो, त्यही परिकार पर्यटकलाई दिन्छौँ, स्थानीय उत्पादनमै हाम्रो बढी जोड छ ।'

विष्टले 'होमस्टे' आमाकै नाममा दर्ता गरेर चलाएका छन् । 'होमस्टे'मा एक रातमा १५ जना पाहुना बस्न सक्छन् । हिमाली सभ्यता र जनजीवन झल्काउने गरी 'होमस्टे' सेवालाई विविधीकरण गर्दै जाने विष्टको योजना छ । 'निकट भविष्यमा फार्म हाउस खोल्ने योजना छ, हेरौँ परिस्थितिले कत्तिको साथ दिन्छ' उनले भने, 'आफ्नै जन्मथलोमा केही गर्ने हुटहुटी छ, व्यावसायिक कर्म र बुबाआमाको सेवामा समर्पित भएर लाग्ने प्रण गरेको छु ।'

उमेरले उकालो चढ्दै गरेका साङ्दो र पेमा भुटी विष्ट पनि छोरा गाउँ फर्केपछि निकै खुसी छन् । विष्ट दम्पतीले सकेजति छोरालाई काममा सघाइरहेका छन् । सेराप आफैँ खेतीबालीको काममा खटेका छन् । कहिलेकाहीँ खेताला लगाउँछन् । पर्यटनबाट धानिएको मनाङमा आफ्नो भविष्य सुरक्षित देखेका सेराप अरूका लागि पनि प्रेरणा बनेका छन् । उनको लगाव, योजना र सोचका कारण गत आइतबार गण्डकी प्रदेश सरकारको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले 'युवा प्रतिभा पहिचान तथा सम्मान' बाट सम्मानित भएका छन् ।

कृषि तथा लघु उद्यमतर्फ प्रदेशभरीमा प्रथम



स्थानमा छनोट भई उनले ५० हजार रुपैयाँ पुरस्कार पाए । केही समयअघि उनलाई चामे गाउँपालिकाले पनि युवा उद्यमीका रूपमा सम्मान गरेको थियो । 'सम्मान र पुरस्कारले थप प्रेरणा दिएको छ, आगामी दिनमा व्यवसायको गुणस्तर र क्षमता विस्तारतिर लाग्छु, थोरै संख्यामा भए पनि गाउँमै रोजगारी सिर्जना हुने गरी काम गर्छु' उनले भने । विष्टलाई सबैभन्दा सन्तोष लाग्ने विषय हो बुढेसकालमा बुबाआमासँगै रहन पाउनु । 'जग्गा धेरै भएर पनि बुबाआमाले खेतीकिसानी गर्न नसक्ने अवस्था थियो, म घर फर्केपछि बल्ल उहाँहरूलाई पनि आडभरोसा मिल्यो, खुसीसाथ कृषिकर्ममा रमाइरहेका छौँ, कमाइ पनि राम्रै छ', विष्टले भने । सेरापका माइला भाइ भक्तपुरमा बौद्धशिक्षा पढ्दै छन् भने कान्छा भाइ वैदेशिक रोजगारमा छन् ।

देश नै विदेश भइरहेको छ भन्ने भाष्य बनिरहेका बेला सेराप भने आफ्नै थातथलो फर्केर आफ्नै जीवनमा आशा भरिहेका छन् भने अरूलाई देशमै केही गर्नुपर्छ भनेर प्रेरणा दिइरहेका छन् । तिनै युवाउद्यमी सेरापलाई हामीले सोध्यौँ—श्रवण मुकारुङले रचेको अहिलेको चर्चित गीत 'राई माइलाले गाउँ छाड्यो रे...' सुन्नुभएको छ ? जवाफमा भने 'गीत सुनेको छु, मिठो छ ।'

हामीले भने 'सेराप विष्ट गाउँ फर्के रे !' भनेर प्रशंसा गर्‍यौँ । उनी मन्द मुस्काए । मुस्कानसहित उनले भने, 'नबिर्सनुहोला ल ! समय मिलेमा फेरि पनि आउनुहोला, हाम्रै होमस्टेमा बसेर एक रातसँगै रमाउँला ।' हामी पनि मन्द मुस्कानले उनको भनाइमा स्वीकारोक्ति जताएर छुट्टियौँ । रासस

# मृत्यु हुँदा हाम्रो मस्तिष्कमा के हुन्छ ?

मार्गरिटा रोड्रिगेज



मृत्यु जीवनको अभिन्न अङ्ग हो । यद्यपि स्नायुवैज्ञानिक (न्यूरोसाइन्टिस्ट) जिमो बोर्जिगिन मृत्युको क्षणमा मस्तिष्कमा के हुन्छ भन्ने विषयमा हामीलाई 'केही पनि थाहा नभएको' देखेर आश्चर्यचकित भइन् । झन्डै एक दशकअघि उनलाई 'संयोगवश' त्यस्तो अनुभूति भएको थियो ।

'हामी मुसाहरूमा प्रयोग गरिरहेका थियौँ । हामी शल्यक्रियापश्चात् तिनको मस्तिष्कमा हुने न्यूरोकेमिकलको स्राव निगरानी गरिरहेका थियौँ' उनले बीबीसी न्यूज मुन्डोलाई बताइन् । अचानक तीमध्ये दुइटा मुसाको मृत्यु भयो । यसले उनलाई ती मुसाहरूको मस्तिष्कको मृत्यु प्रक्रिया नियाल्ने अवसर दियो । 'एउटा मुसामा अत्यधिक मात्रामा 'सेरटोनिन' निस्केको देखियो । कतै त्यो मुसा भ्रान्तिमा पो परेको थियो कि ?' उनलाई लाग्यो । 'सेरटोनिनको सम्बन्ध भ्रान्ति (हलुसिनेशन)सँग हुन्छ' उनी भन्छिन् । सेरटोनिन मनस्थिति नियन्त्रण गर्ने जैविक रसायन हो । त्यसको मात्रा ह्वात्तै बढेको देखेर उनको जिज्ञासा पनि बढ्यो ।

'त्यसपछि मैले सप्ताहान्तको समयमा उक्त विषयमा अनुसन्धानमूलक सामग्रीहरू छन् कि भनेर सन्दर्भ सामग्री खोज्न थालेँ । तर मृत्यु प्रक्रियाका बारेमा हामीलाई निकै कम ज्ञात रहेछ भन्ने थाहा पाउँदा मलाई निकै अचम्म लागेको थियो ।' त्यसपछि आफू मानिसको मृत्यु हुँदाको क्षणमा मस्तिष्कमा के हुन्छ भन्नेबारे अनुसन्धान गर्न समर्पित गरेको उनी बताउँछिन् । बोर्जिगिन संयुक्त राज्य अमेरिकाको युनिभर्सिटी अफ मलेक्युलर तथा इन्टग्रेटिभ फिजिओलजी र न्यूरोलजीकी प्राध्यापक हुन् । आफूले पत्ता लगाएको कुरा पहिले अनुमान गरिएकोभन्दा विपरी रहेकी बोर्जिगिन बताउँछिन् ।

### मृत्यु के हो ?

उनका अनुसार 'कार्डियाक अरेस्ट' अर्थात् हृदयाघात भएपछि कसैको नाडी चलेको छैन भने उक्त व्यक्तिको मृत्यु भएको मान्ने निकै पुरानो चिकित्सकीय मान्यता थियो । यो विधिमा सम्पूर्ण ध्यान हृदय अर्थात् मुटुमा केन्द्रित हुन्छ । 'यसलाई 'कार्डियाक अरेस्ट' भनिन्छ, 'ब्रेन अरेस्ट' भनिँदैन ।'

'कुनै प्रतिक्रिया नजनाउने भएकाले यस्तो अवस्थामा मस्तिष्कले काम गर्न बन्द गरेको भन्ने वैज्ञानिक बुझाइ छ । त्यस्तो अवस्थामा पुगेका मानिसहरू बोल्न, उभिन वा बस्न सक्दैनन् ।' मस्तिष्कलाई काम गर्न धेरै मात्रामा अक्सिजन चाहिन्छ । मुटुले रक्तसञ्चार गर्न सकेन भने अक्सिजन पनि त्यहाँ पुग्दैन ।

'त्यसैले यी सतही सङ्केतहरूले अब मस्तिष्कले काम गरिरहेको छैन भन्ने देखाउँछन् वा मस्तिष्क अतिसक्रिय होइन, अतिनिष्क्रिय अवस्थामा छ भन्ने देखाउँछन्' उनी भन्छिन् । तर उनको समूहले गरेको अनुसन्धानमा भने केही फरक पाइएको छ ।

### मस्तिष्कको अतिसक्रिय अवस्था

सन् २०१३ मा मुसाहरूमा गरिएको एउटा अध्ययनमा वैज्ञानिकहरूले ती जीवका मुटुले काम गर्न छाडेपछि पनि केही 'न्यूरोट्रान्स्मिटर'मा अत्यधिक गतिविधि भएको पाएका थिए । 'सेरटोनिन ६० गुनाले बढेको थियो । अनि तपाईं हामीलाई आनन्द अनुभूति गराउने 'डोपमीन' नामक रसायन पनि अत्यधिक मात्रा, झन्डै ४० देखि ६० गुनाले, बढेको थियो । अनि तपाईंलाई चनाखो बनाउने 'नोरेपिनेफ्रिन' पनि १०० गुनाले बढेको थियो ।'



उनी मुसा जीवित हुँदा ती रसायन त्यति उच्च मात्रामा पुग्ने सम्भावना नभएको बताउँछिन् । सन् २०१५ उनको टोलीले मर्दै गरेका मुसाको मस्तिष्कबारेको अर्को शोधपत्र पनि प्रकाशित गर्‍यो । 'दुवै घटनामा सबै मुसाले अत्यधिक कार्यात्मक मस्तिष्क सक्रियता देखाए' उनी भन्छिन् । 'मस्तिष्कमा 'हाइपरड्राईभ'मा हुन्छ, अतिसक्रिय अवस्थामा हुन्छ ।'



### गामा तरङ्ग

सन् २०२३ मा अर्को अनुसन्धान पनि प्रकाशित भयो । त्यसमा उनीहरूको अध्ययन 'कोमा'मा पुगेपछि ''लाइफ सपोर्ट' मा राखिएका चार बिरामीमा केन्द्रित थियो । ती बिरामीको मस्तिष्कको गतिविधि 'स्क्यान' गर्न 'इलेक्ट्रोएन्सेफलग्राफी इलेक्ट्रोडहरू' जडान गरिएको थियो ।

यी चारै जना मृत्युशय्यामा थिए । चिकित्सक र परिवारजनले ती चार जनालाई बचाउन नसकिने ठाने । परिवारको सहमतिपछि ती चार जनालाई जीवित राख्न चलाइएको भेन्टिलेटर बन्द गरियो । अनुसन्धाताहरूले तीमध्ये दुई बिरामीको मस्तिष्क अतिसक्रिय रहेको पाए । त्यो मस्तिष्कको 'सङ्ज्ञानात्मक कार्य' को सङ्केत हो ।

त्यस क्रममा मस्तिष्कका सबैभन्दा तीव्र गतिका तरङ्गहरू अर्थात् 'गामा तरङ्ग' पनि पाइएको थियो । गामा तरङ्गहरू जटिल सूचनाको प्रशोधन र स्मृतिसँग सम्बन्धित हुन्छन् । एक बिरामीको मस्तिष्कका दुवै छेउमा भएका 'टेम्परल लोब' उच्च गतिविधि देखिएको थियो । डा बोर्जिगिन दाहिने 'टेम्पोरोपराइअटल जङ्क्सन' समानुभूतिका लागि महत्त्वपूर्ण हुने औल्याउँछिन् । 'हृदयाघात भएर बाँचेका धेरै बिरामी र 'निअर–डेथ इक्पिअरिअन्स' (एनडीई) मृत्यु भए जस्तो अनुभूति भोगेका मानिसले आफू पहिलाको भन्दा असल व्यक्ति बनेको र अरूप्रति समानुभूति राख्न सकेको बताउँछन् ।

### मृत्यु भए जस्तो अनुभूति

मृत्यु भए जस्तो अनभूति 'एनडीई' भएका केही मानिसले आँखैअगाडि आफ्नो जीवनको झल्को देखेको वा महत्त्वपूर्ण क्षणहरू सम्झिएको बताउँछन् । कोहीकोही निकै चम्किलो उज्यालो देखेको बताउँछन् भने कतिपयले शरीर छोडेर बाहिर निस्किए जस्तो अनुभव भएको अनि माथिबाट सबै कुरा हेरे जस्तो लागेको बताउँछन् ।

के डा बोर्जिगिनले अध्ययन गरेको अतिसक्रिय मस्तिष्कले मृत्युको सँघारमा हुँदा मानिसहरू कि त्यस्ता सघन अनुभव गर्छन् भन्ने स्पष्ट पार्न सक्छ ? 'हो, मलाई व्याख्या गर्न सक्छ जस्तो लाग्छ' उनी भन्छिन् । 'हृदयाघात भएपछि जीवित रहेका २० देखि २५ प्रतिशत मानिसले सेतो प्रकाश वा अरू केही देखेको बताएका छन् । त्यसले मस्तिष्कको 'भिजुअल कोर्टेक्स' सक्रिय भएको सङ्केत गर्छ ।' मस्तिष्कको उक्त भागले आँखाको पर्दा 'रेटिना' बाट प्रसारित दृश्यात्मक सूचना प्राप्त गर्छ अनि संयोजन र प्रशोधन गर्छ ।

भेन्टिलेटर बन्द गरिएपछि मस्तिष्कमा उच्च सक्रियता देखिएका दुई बिरामीको हकमा भने सचेत हुँदाको दृष्टिलाई सहयोग गर्ने 'भिजुअल कोर्टेक्स'मा निकै गतिविधि भएको बोर्जिगिन बताउँछिन् । 'सम्भवतः त्यस त्यसको सम्बन्ध दृश्यात्मक अनुभूतिसँग हुन्छ' उनी भन्छिन् ।

### एउटा नयाँ अवधारणा

मानिसमा गरिएको अध्यनन निकै सानो भएको भन्दै डा बोर्जिगिन हाम्रो मृत्यु हुँदै गर्दा मस्तिष्कमा के हुन्छ भन्ने जान्न थप अनुसन्धान आवश्यक रहेको बताउँछिन् । तर यही क्षेत्रमा १० वर्षभन्दा



धेरै समयदेखि अनुसन्धान गरिरहेकाले उनी एउटा कुरामा भने स्पष्ट छिन् । 'मलाई लाग्छ हृदयाघातका क्रममा मस्तिष्क अतिनिष्क्रिय हुनुको सट्टा अतिसक्रिय अवस्थामा हुन्छ ।' तर मस्तिष्कलाई अक्सिजन प्राप्त नगरेको महसुस हुँदा के हुन्छ ? 'हामी त्यही बुझ्ने प्रयास गर्दै छौँ । यसबारे प्रकाशित सामग्री खासै केही छैन । साँच्चै भन्नुपर्दा केही पनि थाहा छैन' उनी भन्छिन् ।

'हाइबर्नेशन' अर्थात् शीतनिद्राको प्रसङ्ग निकाल्दै उनी त्यसबारे आफ्नो एउटा सिद्धान्त भएको र आफूले त्यसलाई अनुसरण गरेको बताउँछिन् । 'कम्तीमा मुसा र मानवजस्ता जीवमा अक्सिजनको कमी हुँदा क्रियाशील हुने एउटा आन्तरिक संयन्त्र हुन्छ ।' 'अहिलेसम्म मस्तिष्कलाई हृदयाघातको परिणाम भोग्नुपर्ने निर्दोष साक्षी मानिएको छ । मुटुले काम गर्न छाडेपछि मस्तिष्क पनि मर्छ । मस्तिष्कले केही गर्न सक्दैन र मर्छ भन्ने नै अहिलेसम्मको बुझाइ हो ।'

तर वास्तवमै त्यसै हुन्छ भन्नेमा वैज्ञानिकहरू ढुक्क नभएको कुरामा उनी जोड दिन्छिन् । उनी मस्तिष्कले त्यति सजिलै हार नमान्ने र अरू सङ्कटहरूमा जस्तै मस्तिष्कले सङ्घर्ष गर्ने उनको धारणा छ । 'शीतनिद्रा एउटा राम्रो उदाहरण हो । मलाई लाग्छ त्यसले मस्तिष्कमा अक्सिजनको अभावमा पनि जीवित रहन सक्ने संयन्त्रहरू छन् भन्ने देखाउँछ । तर त्यसबारे अनुसन्धान हुन बाँकी छ ।'

### अझै धेरै जान्न बाँकी छ

डा बोर्जिगिन आफू र आफ्नो टोलीले अहिलेसम्म अध्ययनबाट पत्ता लगाएको कुरा निकै सानो भएको र अझ धेरै कुरा पत्ता लाग्न बाँकी भएको ठान्छिन् । 'मस्तिष्कमा 'हाइपोक्सिआ' (मस्तिष्कमा अक्सिजनको कमी हुँदाको अवस्था)सँग जुध्न आन्तरिक संयन्त्रहरू छन् भन्ने मलाई लाग्छ । हामीले तिनलाई बुझ्न सकेका छैनौँ ।' 'त्यसैले हामीलाई हृदयाघात भएका मान्छेहरूले अद्भुत, आत्मपरक अनुभव हुन्छ भन्ने सतही कुरा थाहा छ । अनि हाम्रो तथ्याङ्कले त्यस्तो अनुभूति मस्तिष्कको गतिविधि उच्च भएकाले हुन भन्ने देखाउँछ ।'

'अबको प्रश्न यो हो: मृत्यु हुँदै गरेको मस्तिष्कमा किन उच्च गतिविधि हुन्छ ?' 'यसबारे बुझ्न, अध्ययन गर्न, अनुसन्धान गर्न र पत्ता लगाउन हामी एकजुट हुनुपर्छ । किनभने हामीलाई मृत्यु कसरी हुन्छ भन्ने थाहा नभए पनि हामीले लाखौँ मानिसको मृत्यु भएको भनेर अपरिपक्व निर्णय गरेका हुन सक्छौँ ।' बिबिसी

# मस्तिष्क भएको एआई रोबोट

चीनले विश्वकै पहिलो यस्तो रोबोट तयार गरेको छ जसमा मानिसको जस्तै दिमाग छ । अर्थात् उक्त रोबोटले मानिसले जस्तै सोचविचार गर्न सक्दछ । यो रोबोट मानव मस्तिष्क कोषिकाबाट नियन्त्रण हुने पहिलो एआई रोबोट हो । यसलाई बायो कम्प्युटेसनको क्षेत्रमा ब्रेक थ्रु मानिएको छ ।

**मधेशदृष्टि**
**वीरगंज ।**
विश्वमा विज्ञान प्रविधीको विकास र विस्तार बढ्दो छ । प्रविधीको प्रयोगले नयाँ–नयाँ आविस्कार गर्दै आएको छ । पछिल्लो पटक मानवरुपी रोबटको आविस्कारले नयाँ बहस जन्माएको छ । के मानवरुपी रोबोटले हामी मानवलाई नै प्रतिस्थापन गर्दै छ ? भविष्यमा विश्वमाथि यिनै रोबोटको राज हुने त होइन ? सुन्दा कुनै चलचित्रको कहानीको सुरुवात जस्तो लाग्ला । तर यो हामीले पहिलो पटक सोधेको र सुनेको प्रश्न भने पक्कै होइन । समय समयमा एआईमा भएको तिब्र विकासलाई आधार बनाएर यस्ता चर्चाहरु भइरहेका हुन्छन् । आर्टिफिसियल इन्टेलिजेन्स रोबोटलाई लिएर पहिलेदेखि नै विज्ञहरुले चिन्ता व्यक्त गर्दै आएका छन् । तर, त्यसभन्दा पनि अगाडि बढ्दै चीनले एउटा यस्तो रोबोट बनाएको छ जुन मानिसका लागि निकै नै खतरनाक सावित हुनसक्छ ।
चीनले विश्वकै पहिलो यस्तो रोबोट तयार गरेको छ जसमा मानिसको जस्तै दिमाग छ । अर्थात् उक्त रोबोटले मानिसले जस्तै सोचविचार गर्न सक्दछ । यो रोबोट मानव मस्तिष्क कोषिकाबाट नियन्त्रण हुने पहिलो एआई रोबोट हो । यसलाई बायो कम्प्युटेसनको क्षेत्रमा ब्रेक थ्रु मानिएको छ ।
वास्तवमा एआईले मानव बुद्धिको स्तरसँग मेल खाँदैन । त्यसैले वैज्ञानिकहरुले मानव मस्तिष्क नै एआईलाई दिएका छन् । चीनको तियानजिन विश्वविद्यालयका शोधकर्ताहरुले एउटा ह्युमनाइड रोबोटको विकास गरेका छन् जसले मानव मस्तिष्क कोषिकाहरुको प्रयोग गरेर काम गर्दछ । यो रोबोटले







हाइब्रिड मानव रोबोट इन्टेलिजेन्सको विकास गर्नसक्ने साउथ चाइना मर्निङ पोष्टले बताएको छ ।
प्रथम दृष्टिमै यो अवधारणा सिधा रुपमा कुनै साइन्स फिक्सन फिल्म जस्तै लाग्नसक्छ । तर, शोधकर्ताहरुका अनुसार मानव मस्तिष्क कोषिकायुक्त यो ह्युमानोइड हाइब्रिड मानव रोबोटले बुद्धिमत्ताको मार्ग प्रसस्त गर्न सक्दछ । न्यू एटलसका अनुसार यो नयाँ रोबोटलाई ब्रेन अन चिप अर्थात् चिपमा जडित मस्तिष्कको रुपमा परिभाषित गरिएको छ जसले स्टेम कोषिकाहरुको प्रयोग गर्दछ, जुन मूलरुपमा मानव मस्तिष्क कोशिकाहरुमा विकसित हुन्छन् । ती कोषिकाहरुलाई एउटा इलेक्ट्रोडको माध्यमबाट एउटा कम्प्युटर चिपसँग एकीकृत गरिएको छ, जसबाट उक्त रोबोट सूचनाहरुलाई प्रोसेस गर्न र अन्य विभिन्न कार्यहरु गर्नमा सक्षम बनेको छ ।
उक्त सेटअपले रोबोटलाई जानकारीहरु एनकोड र डिकोड गर्ने अनुमति दिन्छ । यसबाट विभिन्न बाधाहरुको आसपास नेभिगेट गर्नेदेखि वस्तुहरुलाई समाउने सम्मका गतिविधिहरु गर्न रोबोट सक्षम भयो । विज्ञहरुले भने यो रोबोट मानवजातिका लागि समस्या बन्नसक्ने चिन्ता व्यक्त गरेका छन् । यसले मानिसका काममा दखल पु¥याउन सक्दछ । साथै यसले मानिसका कामलाई प्रभावित गर्नुका साथै भविष्यमा कुनैबेला बेलगाम पनि हुनसक्छ । गलत जानकारीहरू प्राप्त भएको स्थितिमा यो रोबोटले गलत हर्कत गर्नुका साथै गलत निर्णयहरु पनि गर्न सक्ने विज्ञहरुले चिन्ता व्यक्त गरेका छन् ।

## शहरमा बास, गाउँकै खान्कीमा...

रातो च्याउ टिपेर विक्री गरी वार्षिक रुपमा एक लाख रुपैयाँ बढी कमाइ गर्दै आएकी मालिका–२ रुमकी फारु विकले यस वर्षको असार दोस्रो सातासम्म २० हजार रुपैयाँको निगुरो र टुसा बिक्री गरेको बताइन् । ‘जेठदेखि साउनसम्म जङ्गलमा निगुरो, च्याउ, ढकायो, टुसा पाइन्छ । खेती गर्न पर्दैन, गाईबाख्राले खाइदेला भन्ने चिन्ता पनि हुँदैन । जाँगर भएपछि पैसा जङ्गलमा पनि फल्छ’ विकले भनिन् ।

**अर्गानिक समान बेच्न कोसेली घर सञ्चालन**
म्याग्दीको सदरमुकाम बेनीमा गत सोमबारदेखि जिल्लामा उत्पादित अर्गानिक सामानको खरिद र विक्रीका लागि कोशेली घरको उद्घाटन गरिएको छ । जिल्लाका किसानहरुले उत्पादन गरेका अर्गानिक वस्तुको बजारीकरण र प्रचारप्रसारका लागि बेनी नगरपालिका–८, कालिपुल बसपार्कमा कोसेली घर सञ्चालन गरिएको हो ।
म्याग्दीको ग्रामीण क्षेत्रहरुमा उत्पादन हुने अर्गानिक उत्पादन सङ्कलन, प्रशोधन, प्याकेजिङ गरी स्वदेश तथा विदेशमा बिक्री गर्ने गरी सञ्चालनमा आएको कोशेली घरको बेनी नगरपालिकाका प्रमुख सुरत केसी र उपप्रमुख ज्योति लामिछानेले संयुक्तरुपमा उद्घाटन गरेका थिए । नागरपालिकाले अर्गानिक उत्पादनको बजारीकरणमा सघाउने उनीहरुले प्रतिबद्धता समेत जनाएका थिए । म्याग्दी उद्योग वाणिज्य सङ्घको संरक्षण तथा सञ्चालनमा रहेको पर्यटक सूचना केन्द्रको भवनमा कोसेली घर सञ्चालन गरिएको हो । ‘स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने नीति लिएका छौँ, म्याग्दीका अर्गानिक उत्पादनलाई ग्राहकले रुचाउने गरेको पाइएको छ’ नगर प्रमुख केसीले भने ।
महिला उद्यम विकास समितिकी उपाध्यक्ष एवम् अगुवा महिला उद्यमी डिलमाया घतानेले सञ्चालन गरेको कोसेली घरमा स्थानीय उत्पादनको प्रवद्र्धन र बजारीकरणका लागि समेत सहज भएको म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठले बताए । अध्यक्ष श्रेष्ठले जिल्लाका छ वटै स्थानीय तह र छिमेकी मुस्ताङका अर्गानिक उत्पादनलाई स्वदेश तथा विदेशमा बिक्री गर्ने गरी कोसेली घर सञ्चालन गरिएको जानकारी दिए ।
कोसेली घरमा भटमास, भाँगो, मह, घ्यु, फापरको पिठो, गहत, मकै, च्याउ, पिठो (फापर, जौ, मकै र कोदोको), चामल, सिस्नुको धुलो, ढकायो, टिम्मुरलगायत करिब सय थरिका सामान रहेको छ । त्यस्तै ढाका र अल्लोबाट निर्मित कपडाहरु, दुना टपरी, बाँसका मुढा, बाँसबाट निर्मित सामग्रीहरु र विभिन्न जातजातिका भेषभूषाका सामग्रीहरु समेत बिक्रीका लागि राखिएका छन् । अर्गानिक सामानका पारखीहरुलाई कोशेली घरले आकर्षित गर्ने सञ्चालिका घतानेले बताइन् । म्याग्दीको अर्गानिक सामान (चिमखोले चोयाँको डोको, टिम्मुर, भीरमह, अल्लाका कपडालगायत) को माग विश्व बजारसम्म रहेको उनले बताइन् । उत्पादित वस्तुको बजारीकरणमा समस्या भएमा कोसेली घरले सहजीकरण गर्नेछ । रासस

# मिथिलाको खोजमा गोविन्दपुरको उत्खनन्...



मिथिला क्षेत्रमा रहेको विभिन्न गढिहरु अहिले पनि रहेको छ । तर यसको उत्खनन् गरिएको छ ।
यसको उत्खनन् गरियो भने मिथिला क्षेत्रको धेरै एतिहासिक महत्वका सम्पदाहरु पाइने र यसले मिथिलाको इतिहासको लागि एउटा गहन खोज हुने छ । अहिले धनुषाको सबैला नगरपालिकाको गोविन्दपुरमा भएको उत्खनन् मिथिलाको प्राचीन एतिहासिक सम्पदाहरु पाइएको छ । जसले यस क्षेत्र अर्थात मिथिलाको गाउँ गाउँमा धर्तीमुनि धेरै सम्पदाहरु लुकेर बसेका छन् जसलाई उत्खनन् गरियो भने धेरै एतिहासिक साक्ष्यहरु समेत पाउन सकिन्छ । धनुषामा उत्खनन गरिएको सो स्थान हजारौं वर्ष देखि पृथ्वीको गर्भ मुनि पुरिएका थिए । जनककालीन ऐतिहासिक मठेश्वरनाथ मन्दिरको उत्खनन्मा आठौं/नवौं शताब्दीका लिच्छवीकालीन अवशेषहरु फेला परेका छन् । पहिला त्यहा मन्दिर जस्तो देखिएपनि जमिन मुनि सम्म पुगेर कहिलेपनि उत्खनन् गरिएको थिएन । अहिले उत्खनन् हुँदा स्थानीयहरु समेत आश्र्चमा परेका छन् । धनुषा जिल्लाको विभिन्न स्थानहरुमा पाइएको पुरातत्वक संचरनामा मध्ये यो पनि महत्वपूर्ण र निकै पुरानो रहेको छ ।
पुरातत्व विभागका पुरातत्व विद् प्रकाश दर्नालसहित तीन सदस्य टोलीले असार ७ गतेदेखि सुरु गरेको सो प्राचीन मन्दिरको अवशेष उत्खनन्मा आठौं/नवौं शताब्दीका लिच्छवीकालीन अवशेषहरु फेला परेका हुन् । सबैला नगरपालिकाको वडा नं. ६ गोविन्दपुरस्थित जनककालीन ऐतिहासिक मठेश्वरनाथ मन्दिरमा अहिलेसम्म दुई वटा पत्थर जोड्ने आइरन डावर, फलामको गोलो रिंग, मन्दिरको माथीको सरफेशमा भारतीय र नेपाली सिक्काका साथै पत्थरमा लिच्छवी शैलीको ‘माना’ अर्थ आउने अक्षर भेटिएको छ । अक्षरले यो मन्दिर लिच्छवीकालीन हुन सक्ने पुरातत्व विद्को कथन रहेको छ । यहाँ रहेको धेरै सम्पदाहरुलाई अनुसन्धान गर्नुपर्ने देखिएको र तर पाइएको स्थलहरु निकै प्राचीन रहेको छ ।



पुरातत्वविद् प्रकाश दर्नालका अनुसार सोहि अक्षरको आधारमा मन्दिरको प्राचिनता पत्ता लगाउन सकिन्छ । लिपि विशेषज्ञलाई देखाएर वास्तविकता पत्ता लगाउने बताउँछन् ।
पुरातत्व विद् दर्नालले भग्नावशेष हेर्दा प्राचीन शिवमन्दिरको स्वरुप देखिएको बताउँछन् । शिव मन्दिरमा भगवानमाथि चढाउने गरिएको जलको निकासद्वार समेत फेला परेको र मन्दिरको चारै तिर लामो लामो पर्खालहरु समेत फेला परेको कारणले कुनै समयमा यस क्षेत्रकै भव्य शिवमन्दिर रहेको ठम्याउन सकिने पुरातत्वविद्हरुको कथन रहेको छ । उनले उत्खननको क्रममा एउटा महत्वपूर्ण ढुङ्गा भेटिएको जानकारी दिए । स्थानीयका अनुसार पुरातत्व विभागले उत्खनन् गरिरहेको स्थानमा मठेश्वरनाथ मन्दिर थियो ।

यस मन्दिरको बारेमा धार्मिक ग्रन्थ रामायणमा समेत जिकिर गरिएको पाइन्छ । सो मन्दिर मिथिलाका राजा जनकले निर्माण गरेको जनविश्वास छ । मिथिला माहात्म्यमा जनकपुरको चौरै तिर रहेको मन्दिरहरुको विषयमा यसरी उल्लेख गरिएको छ ।

## ‘यस क्षेत्रको पर्यटकीय विकास गर्छु’

- कारिराम यादव, प्रमुख, सबैला नगरपालिका



**मन्दिरको उत्खनन् प्रयास कसरी गर्नु भयो ?**
मेरो दाजु मातृका प्रसाद यादव मन्दिर भएको वखतमा स्थानीयवासीहरु आएर यस ठाउँमा निकै प्राचीन मन्दिर रहेको र यसको उत्खनन् गर्न र निर्माणको प्रयास गर्न आग्रह गरेका थिए । आफु सबैलाको नगरपालिकाको मेयर भएपछि समेत स्थानीयवासीहरुले यसको कार्यको लागि आग्रह गरेपछि आफुले यस ठाउँको उत्खनन र विकासको लागि प्रथमिकतामा राखेका थियौ । आफुले नीति कार्यक्रममा समेत मन्दिरको विकास र उत्खनन्को लागि योजना राखेर विभिन्न निकायहरुमा यस ठाउँको विषयमा जानकारी गराएँ । संस्कृति मन्त्री सुदन किराँतीसँग भेटेर यस मन्दिरको विषयमा जानकारी गराएको र उहाँ र स्थानीयवासीहरुको सहयोगमा आज यो उत्खनन् भएको छ । पुरातत्व विभागले समेत यस स्थानको उत्खनन्लाई उच्च प्राथमिकतामा राखेर यहाँ आएर उत्खनन् गरेका छन् । पुरात्व विद्का अनुसार यो मन्दिर करिब ९ हजार वर्ष पुरानो भएको पाइएको संरचनाबाट देखिन्छ । स्थानीयवासीहरु समेत यस्तै भन्छन् । यो कुराको पत्ता लगाउने दायित्व पुरातत्व विद्हरुको नै रहेको छ । तर मेरो जो दायित्व हुन्छ त्यस अनुसारले भने म कार्य गर्छु ।

**उत्खनन् पछि यो स्थल फेरि चर्चामा आएको छ । अब यसको संरक्षण कसरी गर्नुहुन्छ ?**
उत्खननबाट धेरै एतिहासिक सम्पदाहरु भेटिएको छ । अर्को तर्फ धेरै यस ठाउँको मुर्तिहरु र केही महत्वपुर्ण संरचनाहरु गायब भएका छन् । त्यसको खोजिको लागि प्रयास गर्ने छु । कतिपय विभिन्न टोलहरुमा समेत रहेका छन् ।
त्यसलाई संकलन गर्ने अभियान समेत लाएर यसलाई एउटा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने छु । यो सम्पदा यस भेगकै निकै पुरानो भएको कारणले यसलाई संरक्षण गर्ने दायित्व समेत आफुहरुको भएको कारणले यसको संरक्षण गर्नको लागि आफुहरुबाट हुने हरेक प्रकारको प्रयासलाई सार्थक रुप दिने छु । सबै राजनीतिक दललाई बसाएर यसको विषयको लागि उहाँहरुको समेत प्रतिवद्धता लिएर पहिला चोरी भएको संरचनालाई खोज अभियान लचाउने छु, त्यसपछि यसको संरक्षणको प्रयास गर्ने छु । यहाँको शिवलिंग गोविन्दपुरमा राखिएको मन्दिर निर्माण भएपछि यस ठाउँमा स्थापना गर्ने छु ।

**यस मन्दिरको विकासको योजना के बनाउनु भएको छ ?**
हामीबाट विकासको लागि जे जस्तो योजना बनाउनु पर्छ योजनाको निर्माण गरेर अगाडि बढछु । अहिले उत्खननको कार्य पुरा भएपछि यसलाई पुरातत्व विभाग र संस्कृति मन्त्रालयसँग समन्वय गरेर यसको विकासको लागि कार्य गर्ने छु । यो ठाउँलाई एतिहासिक पर्यटकीय गन्तव्यको रुपमा विकास गरेर अगाडि जाने छु ।
यो ठाउँ एतिहासिक ठाउँ भईसकेपछि यसको संरक्षणको दायित्व समेत पुरात्व विभागको पनि भएको कारणले सो निकायसँग समन्वय गरेर विकासको लागि पहल गर्ने छु ।

# वन पैदावार आपूर्ति समितिको अध्यक्षमा मल्लिक



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटस्थित वन पैदावार आपूर्ति समितिको अध्यक्षको जिम्मेवारी जनमत पार्टीका नेता ललित मल्लिक (सानु) ले पाएका छन् ।
वन तथा वातावरण मन्त्रालय मधेश प्रदेश अन्तरर्गत वन पैदावार आपूर्ति समिति रौतहटको अध्यक्षमा जनमत पार्टीको केन्द्रीय कार्यकारिणी समिति सदस्य ललित मल्लिक (सानू) र सदस्यमा विकाश यादवले जिम्मेवारी पाएका हुन् ।
वन तथा वातावरण मन्त्रालय मधेश प्रदेशको सिफारिसमा अध्यक्ष सानु र सदस्य यादवले शुक्रबार कार्यभार सम्हालेको वन पैदावार आपूर्ति समितिका सदस्य सचिव विमल कुमार ठाकुरले बताए । यसअघि समितिको अध्यक्षमा महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादीका नेता रामाप्रवेश दास रहेका थिए ।

# प्रशासकीय अधिकृतसहित चार जनाविरुद्ध मुद्दा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषाको मिथिला बिहारी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामदरश यादवसहित चार जनाविरुद्ध मुद्दा दायर गरेको छ । आयोगले नगरपालिका ९ को श्री आधारभूत विद्यालय र रामजानकी प्राथमिक विद्यालयमा विद्यार्थी सिकाई अभिवृद्धि कार्यक्रमको भुक्तानी दिँदा अनियमितता गरेको आरोपमा प्रमुख प्रशासकीय अधिकृत यादव, लेखापाल सुभाष कुमार झा, जिन्सी शाखाका खरिदार उपेन्द्र यादव र मजदुर होजीयारी उद्योगका प्रोप्राइटर रामसुन्दर साह तेली विरुद्ध विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरेको हो । उनीहरुविरुद्ध पाँच लाख ३४ हजार ७ सय १० रुपैयाँ विगो दाबी गर्दै कैद र जरिवानाको सजाय गरी बिगो मागदाबीसहित मुद्दा दायर भएको आयोगका सहसचिव एवम प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

# विद्यार्थीबीच छुरा हानाहान, तीन जना पक्राउ



**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहटको गौरमा ट्युसन पढ्ने विद्यार्थी समूहबीच सामान्य कुरामा भएको विवाद कारण छुरा हानाहान हुँदा तीन जना घाइते भएका छन् । घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको छ । गौर नगरपालिका वडा नम्बर ४ टिकुलियाका सुरज यादवको घाँटी नजिक कुममा गहिरो घाउ लागेकाले थप उपचारका लागि वीरगंज पठाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।
जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक दिलीप घिमिरेका अनुसार घटनामा घाइते तीन जनाको उपचार भइरहेको छ । गौर नगरपालिका नजिकै सञ्चालनमा रहेको ट्युसन तथा कोचिङ सेन्टरका विद्यार्थीबीच झडप भएको खबर पाउनेबित्तिकै पुगेको प्रहरी टोलीले घटनामा संलग्न चार जनालाई नियन्त्रणमा लिएको जनाएको छ । प्रहरीले ईशनाथ नगरपालिका वडा नम्बर ९ का २० वर्षीय सञ्जीव गुप्ता, २१ वर्षीय प्रदीप साह र परोहा नगरपालिका वडा नम्बर ९ का १८ वर्षीय शिवम कुमार सहनीलाई पक्राउ गरेको हो ।
गौर नगरपालिका वडा नम्बर ३ राईस मिलको पश्चिमतर्फको सडकमा सोही वडाका सुरज प्रसाद यादव, अभिनाश कुमार यादवलाई संजिव गुप्ता, प्रदिप साह र शिवम कुमार सहनीले केही दिन पहिला विद्यालय पढ्न जाँदा एकले अर्कालाई आँखा तरेरेर हेरेको निहुँमा एक आपसमा रिसइबी भएको थियो । सोही रिसिविको कारणले बिहीवार राती सवा ८ बजेतिर उनीहरूमाथि छुरा प्रहार गरी गम्भिर घाईते बनाई फरार भएका थिए ।
निजहरुलाई खोजतलास गर्दै जाँदा बिहीबार राती सवा ९ बजेको समयमा निजहरु बसेको घरको कोठामा फेला पारी पक्राउ गरेको हो । पक्राउ परेका तीन जनाउपर ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# छिपहरमाई गाउँपालिकाको १९औँ गाउँ सभा सम्पन्न




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको छिपहरमाई गाउँपालिकाको १९औँ गाउँ सभा सम्पन्न भएको छ । गाउँपालिकाको सभा हलमा शुक्रबार भएको गाउँ सभाको उद्घाटन गाउँपालिका अध्यक्ष मनोज कुमार गुप्ताले गरेका थिए । आर्थिक वर्ष २०८१÷०८२ का लागि ३७ करोड १७ लाख ५२ हजार रुपैयाँ बराबरको अनुमानित बजेट गाउँ सभाबाट नीति तथा कार्यक्रम प्रस्तुतिकरण गरेका थिए । गाउँ सभामा गाउँपालिकाको पाँचै वडाको योजना प्रस्तुत गरी पारित गरिएको छ ।
०८१÷८२ को बजेटमा गाउँपालिकाका अध्यक्ष गुप्ताले पहिलो प्राथमिकतामा नेत्रदान पालिका अनुदान अन्तर्गत पालिकाका गरिब असहाय, दलितलाई निःशुल्क आँखाको अप्रेसन तथा उपचार गराउने जनाएको छ । महिलाहरु को पाठेघरको अप्रेसन खर्च प्रति बिमारी मा १५ हजार रुपैयाँको दरले उपचार खर्च दिने गाउँपालिको जनाएको छ ।
छिपहरमाई गाउँपालिकामा सञ्चालनमा रहेको पल्स टु का छात्रछात्रालाई ड्रेस भता बापत रकम अनुदान दिनेभएको छ । गाउँपालिकाबाट एमबिबिएसमा नाम निकाल्ने विद्यार्थीहरुलाई अनुदान स्वरुप एक लाखदेखि दुई लाख रुपैयाँसम्म सहयोग गर्ने गाउँपालिका अध्यक्ष गुप्ताले घोषण गरेका छन् । साथै शिक्षा, स्वास्थ्य कृषि, सिचाई, विपद व्यवस्थापन, युवा रोजगार, भौतिक पुर्वधार, पर्यटन पर्वद्धन, उज्यालो छिपहरमाईलगायतमा जोड दिएको गाउँपालिका अध्यक्ष गुप्ताले बताए । उनले छिपहरमाई गाउँपालिकामा भौतिक विकास निर्माणको साथै नयाँ योजनाहरु ल्याएको बताए । अध्यक्ष गुप्ताले भने, 'नेपालको पहिलो गाउँपालिका छिपहरमाई हो । जहाँ प्रत्येक वडाहरुमा बर्थिंग सेन्टर सञ्चालन गरी सेवा दिरहेको छ ।'

> **'नेपालको पहिलो गाउँपालिका छिपहरमाई हो । जहाँ प्रत्येक वडाहरुमा बर्थिंग सेन्टर सञ्चालन गरी सेवा दिरहेको छ ।'**

विकासमा स्थानीय जनसमुदाय, जनप्रतिनिधि र कर्मचारीहरुको सहयोगका कारण विकासको गति लिएकोमा सबै जनालाई धन्यवादसमेत दिए । गाउँपालिकाको विकासका लागि सबैसँग हातेमालो गर्न आफू तयार रहेको अध्यक्ष गुप्ताको भनाइ थियो । गाउँपालिकाको विकासमा सबै जनताको साथ सहयोग पहिलेदेखि नै रहेको उल्लेख गर्दै उनले आगामी दिनमा पनि त्यसलाई निरन्तरता दिन आग्रह गरे । गाउँ सभा कार्यक्रममा गाउँपालिका उपाध्यक्ष लिलावती देबी कानु, प्रमुख प्रसाशकीय अधिकृत शनि साह कानु, समाजसेवी किशोरी साह कानु, वडाध्यक्ष कामेशवर यादव, महेन्द्र साह कलवार, दिपेन्द्र कुमार सिंह, रामेश्वर प्रसाद महतो, मौजिलाल साह कानु, कार्यपालिका सदस्य बलिस्टर साह, नरेश साह कलवार लगायतले गाउँ सभामा शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# अवैध रुपमा ल्याइएका कुखुराका चल्ला बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी पर्साले अवैध रुपमा भारतबाट ल्याइएका करिब नौ लाख बराबरका कुखुराका चल्लासहित एक जनालाई नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हेक्वा पर्साबाट खटिएको टोलीले पर्साको बहुदरमाई नगरपालिका वडा नम्बर २ पानी ट्याङकीबाट पाँच लाख २० हजार रुपैयाँ मूल्य बराबरको प्रतिबन्धित बोईलर कुखुराको चल्ला बरामद गरेको हो । प्रहरीले भारतबाट अबैध रुपमा बिआर २२ एच ६८१७, ना ५३ प ७७६१, बा ३६ प ७२७३ नम्बरको मोटरसाईकलमा लोड गरी नेपालतर्फ ल्याउदै गरेको उक्त मूल्य बराबरको कुखुराको चल्लासहित भारतको पूर्वी चम्पारण नुनियाडि ग्राम पञ्चायत–८ का सुरेश यादवलाई नियन्त्रणमा लिएको सशस्त्र प्रहरी नायब उपरीक्षक देवेन्द्र सिंहले जानकारी दिए ।
त्यसैगरी, शुक्रबार नै सशस्त्र प्रहरीले विन्दवासिनी गाउँपालिका वडा नम्बर ०४ ईटियाहिबमा तीन लाख रुपैयाँ भन्दा बढीको कुखुराको चल्ला बरामद गरेको छ । प्रहरीले भारतबाट अबैध रुपमा बीआर ०५ भि ०४४१ र बीआर ०५ एएल २५९६ नम्बरको मोटरसाईकलमा लोड गरी नेपालतर्फ ल्याउँदै गरेको तीन लाख ८० हजार रुपैयाँ बराबरको प्रतिबन्धित बोईलर कुखुराको चल्ला नियन्त्रणमा लिएको हो । बरामद कुखुराको चल्लालाई क्वारेन्टाइन कार्यालयका प्रतिनीधि र स्थानीय जनप्रतिनीधिको रोहबरमा नष्ट गरिएको छ । नियन्त्रणमा लिएका यादवलाई मोटरसाइकलसहित आवश्यक अनुसन्धानका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी पर्साले जनाएको छ ।
त्यसैगरी, रौतहटमा पनि सशस्त्र प्रहरीले भारतबाट ल्याइएका अवैध कुखुराका चल्ला बरामद गरेको छ । परोहा नगरपालिका वडा नम्बर ८ बसीर चोकबाट सशस्त्र प्रहरीको गस्ती टोलीले भारतबाट अवैधरुपमा नेपालमा ल्याउँदै गरेको कुखुराको चल्ला बरामद गरेको हो । नेपाल सरकारले प्रतिबन्ध लगाएको भारतीय कुखुराको चल्ला सशस्त्र प्रहरी बल नेपाल नम्बर ११ गण हेडक्वाटर हजमीनियाको टोलीले नियन्त्रणमा लिएको हो । भारतबाट बिआर ०५ एम ५११७ नम्बरको प्लाटिना मोटरसाइकल र साइकलमा ल्याउँदै गरेको एक लाख ७० हजार रुपैयाँ मूल्य बराबरको एक हजार सात सय वटा बोइलर कुखुराको चल्ला बरामद गरिएको सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हेडक्वाटर रौतहटका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक विक्रम हुमागाईले जानकारी दिए । बरामद गरिएको कुखुराको चल्ला जिल्ला कुखुरा व्यवसायी किसान संघ तथा स्थानीयहरुको रोहवरमा नष्ट गरिएको र मोटरसाइकल कारबाहीको लागि जिल्ला भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ ।

# ३५ जनालाई नागरिक अभिनन्दन




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको वीरगंजमा समाजका विभिन्न क्षेत्रमा योगदान पुर्याएका ३५ जनालाई सम्मान गरिएको छ । वीरगंज महानगरपालिका वडा नम्बर ८ को वडा कार्यालयले शुक्रबार एक कार्यक्रमको आयोजना गरी अभिनन्दन गरेको हो । उक्त कार्यक्रममा शिक्षातर्फ २०८० को माध्यमिक शिक्षा परिक्षा (एसईई) पर्सा जिल्लामा उत्कृष्ट अंक ल्याएर उत्तीर्ण भएकी छात्रा आँचल पटेल र राधेकृष्ण सर्राफ, खेलकुद क्षेत्रतर्फ पर्सा जिल्ला तेक्वान्दो संघका अध्यक्ष गणेश श्रेष्ठ र नसिम हवारीलाई नागरिक अभिनन्दनसहित सम्मानित गरिएको हो ।
यस्तै वरिष्ठ अधिवक्ता बालमुकुन्द खरेल, नेपाल दलित महिला संघ पर्साकी अध्यक्ष नीला राम, समाजसेवी मदन गुप्ता, सत्रुधन गुप्तासहित ३५ जनालाई कार्यक्रमका जसपा नेपाल पर्साका अध्यक्ष रामनरेश प्रसाद यादव र वडाध्यक्ष रितेश गुप्ताले कदर पत्रसहित सम्मान गरेका हुन् । कार्यक्रमलाई सम्बोधन गर्दै जसपा नेपाल पर्साका अध्यक्ष यादवले वीरगंजमा पहिलो पटक वडा नम्बर ८ को वडा कार्यालयले समाजका विभिन्न क्षेत्रमा क्रियाशील व्यक्तहरुलाई सम्मान गरेको भन्दै प्रशंसा गरे । कार्यक्रममा वडाध्यक्ष गुप्ताले आफू सदैव वडाबासीको हितमा काम गर्ने प्रयासमा रहदै आएको भन्दै आगामी दिनमा पनि यस्ता कार्यहरुलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।

# सशस्त्र प्रहरीद्वारा भन्सार छलीको सामान बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी पर्साले भन्सार छलीका विभिन्न सामानहरु बरामद गरेको छ । प्रहरी सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको प्रहरी टोलीले शुक्रबार वीरगंज महानगरपालिका वडा नम्बर १६ इदगाह चोकबाट भारतबाट अवैध रुपमा भन्सार छली ल्याउँदै गरेको सामान बरामद गरेको हो । विभिन्न सार्वजनिक सवारी साधन तथा ना ३५ प ६२८९ नं.को मोटरसाइकलमा लोड गरि नेपालतर्फ ल्याउदै गरेको पाँच लाख ५३ हजार ३५५ रुपैयाँ मूल्य बराबरको किराना सामान, कपडा, कस्मेटिक र मेसिनरी पाट्ससहित मोटरसाइकल बरामद गरेको हो ।
त्यस्तै, सशस्त्र प्रहरीले अवैध रुपमा भन्सार छली भारततर्फ लैजादै गरेको ४० केजी स्याउसहित मोटरसाइकल नियन्त्रणमा लिएको छ । बरामद गरिएको उक्त सामान आवश्यक कारवाहीको लागि वीरगंज भन्सार कार्यालयमा बुझाएको प्रहरीले जनाएको छ । त्यसैगरी, शुक्रबार नै प्रहरी सीमा सुरक्षा गुल्म अलौबाट खटिएको प्रहरी टोलीले वीरगंज महानगरपालिका वडा नम्बर १७ अलौबाट अवैध रुपमा भन्सार छली साईकलमा लोड गरी नेपालतर्फ ल्याउदै गरेको करिब एक लाख ३१ हजार रुपैयाँ मूल्य बराबरको किराना तथा औषधी बरामद गरिएको छ । उक्त सामान बरामद गरी वीरगंज भन्सार कार्यालय बुझाएको छ । त्यस्तै, बिओपी प्रसौनीभाठ्ठाबाट खटिएको टोलीले भारतबाट अबैध रुपमा भन्सार छली नेपालतर्फ ल्याउदै गरेको करिब ३२ हजार रुपैयाँ मूल्य बराबरको कपडा नियन्त्रणमा लिई सो सामान पनि वीरगंज भन्सार कार्यालयमा बुझाएको प्रहरीले जनाएको छ ।

# रथयात्रामा दुई दिन माछामासु बन्द

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले असार २३ र २४ गते महानगर क्षेत्रभित्र मदिरा, माछामासु निषेध गरेको छ । माईस्थान मन्दिरको १२ औँ वार्षिकोत्सवका अवसरमा हुनलागेको गह्वामाई रथयात्राका दिन असार २३ र २४ गते मदिरा तथा माछामासु बिक्री वितरणमा रोक लगाएको हो । साथै, पशुपंक्षी काटमार र बिक्री वितरण गर्नसमेत महानगरपालिकाले सार्वजनिक सूचनामार्फत रोक लगाएको छ ।
असार २३ गते गह्वामाई मन्दिरको रथयात्रा निकालिने तयारी भएको छ । रथयात्रामा सहभागी हुन महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले सबैलाई आह्वान गरेका छन् । असार २३ गते महानगर क्षेत्रभित्रका सबै शैक्षिक संस्था पनि बन्द गर्न अनुरोध गरिएको छ ।

# थपलियाको संयोजकत्वमा जग्गा छानबिन समिति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाका गुठी तथा सार्वजनिक जग्गा अतिक्रमणबारे अध्ययन गर्न सरकारले पूर्वसचिव रामप्रसाद थपलियाको संयोजकत्वमा उच्चस्तरीय छानबिन समिति गठन गरेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले थपलियाको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेर काम अघि बढाउन लागेको हो । समितिले बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् अन्तर्गत जग्गा र सम्पत्ति संरक्षण गरी पुरानै अवस्थामा फिर्ता ल्याउनेबारे अध्ययन गर्ने बताइएको छ । जनकपुर क्षेत्रमा ९ हजार बिघा भन्दा बढी जग्गा अतिक्रमण भएको र यसको छानबिन हुने भन्दै गृहमन्त्री रवि लामिछानेले आफ्नो उपलब्धी सार्वजनिक गर्ने बेला बताएका थिए । गृह मन्त्रालयको प्रस्तावमा सरकारले समिति गठन गरेको हो ।

# जसपा पनि सरकारबाट फिर्ता

**मधेशदृष्टि**
**काठमाडौँ ।**
अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा)ले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । जनता समाजवादी पार्टीले संघीय संसद सचिवालयलाई सरकारलाई दिएको समर्थन फिर्ता लिएको जानकारी दिएको छ । अध्यक्ष राईले अबदेखि आफूहरू प्रतिपक्षमा बस्ने जानकारी गराएका छन् । जनता समाजवादी पार्टीबाट संघीय सरकारमा वन मन्त्री नवलकिशोर साह सुडी, स्वास्थ्य मन्त्री प्रदीप यादव र स्वास्थ्य राज्यमन्त्री हसिना खान सहभागी थिए । पार्टीले समर्थन फिर्ता लिएसँगै मन्त्रीहरूले पदबाट राजीनामा दिइसकेका छन् ।

# कोशी नहरमा युवक बेपत्ता

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीस्थित कोशी पश्चिमी नहरमा डुबेर शुक्रबार दिउँसो युवक बेपत्ता भएका छन् । महदेवा गाउँपालिका–३ बथनाहाका २२ वर्षीय प्रदीप यादव बेपत्ता भएका हुन् । विद्युत्को पोल जडान गर्ने क्रममा उनी कोशी पश्चिमी नहरमा डुबेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक ढुण्डीराज नेउपानेले बताए । डुबेर बेपत्ता भएका यादवको सशस्त्र र नेपाल प्रहरीले खोजी गरिरहेको छ ।

# राष्ट्रिय परिचय पत्र बनाउने सेवा केन्द्र विस्तार

**मधेशदृष्टि**
**वीरगंज**
पर्साका दुई वटा गाउँपालिकाहरुमा राष्ट्रिय परिचयपत्र बनाउने सेवा केन्द्र विस्तार गरिएको छ । नागरिकले सहज रुपमा राष्ट्रिय परिचय पत्र बनाउन सकुन भन्ने अभिप्रयाले जल्लाको पकाहामैनपुर र सखुवाप्रसौनी गाउँपालिकामा सेवा केन्द्र थपिएको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जानकारी दिए ।
जिल्लाको पोखरिया, पर्सागढी नगरपालिका र कालिकामाई गाउँपालिकामा राष्ट्रिय परिचयपत्र बनाउने सेवाकेन्द्र स्थापना गरी सेवा प्रदान गरिँदै आएको थियो । उनीले केही दिनअघि जीराभवानी, पटेर्वासुगौली र बहुदरमाई नगरपालिकामा यसअघ राष्ट्रिय परिचयपत्र बनाउने केन्द्र थप गरिएको बताए । धोबिनी र छिपहरमाईका सेवाग्राहीहरूको सुविधाका लागि गाउँमै सेवा केन्द्र विस्तार गर्ने लक्ष्य राखिएको छ । जिल्ला प्रशासन कार्यालय, पर्सामा दैनिक दुई सय सेवाग्राहीले राष्ट्रिय परिचयपत्र बनाइरहेका छन् भने गाउँको सेवा केन्द्रहरुबाट दैनिक ५०–६० जनाले राष्ट्रिय परिचयपत्र बनाइरहेको प्रमुख जिल्ला अधिकारी भुसालले बताए ।

# सुन गाल्ने मेसिन, सुन र ५० लाखसहित ६ जना पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
ललितपुरमा छापा हानेर ५० लाख नगद, सुन र सुन गाल्ने मेसिन बरामद गरेको प्रहरीले काठमाडौँको बसुन्धराबाट पनि १ किलो सुन बरामद गरेको छ । शुक्रबार ललितपुरको ताल्छिखेलमा छापा हानेर प्रहरीले ५० लाख र सुनसहित पाँच जनालाई पक्राउ गरको थियो । त्यसैको अनुसन्धानको क्रममा बसुन्धाराबाट थप १ किलो सुन बरामद भएको प्रहरीले जनाएको छ । बसुन्धराबाट १ किलो सुनसहित भारतीय नागरिक २२ वर्षीय विजय संवत सिडारीलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर ललितपुरका एसपी तथा प्रवक्ता नरेशराज सुवेदीले जानकारी दिए । 'एक किलो सुनसहित एक जना भारतीय पक्राउ परेका छन् । ललितपुरबाट पक्राउ परेकाहरूलाई अनुसन्धान गर्ने क्रममा यो समूहले बसुन्धरामा पनि फ्ल्याट भाडामा लिएर सुनको अवैध कारोबार गरेको खुलेको थियो । शुक्रबार ललितपुरबाट भारतको महाराष्ट्र आडवारी थाना घर भई ललितपुरको ताल्छिखेल बस्दै आएका २८ वर्षीय युवराज विभुते, सोही ठाउँका भारतीय नागरिक २० वर्षीय विक्रम यलवर, १८ वर्षीय भारतीय नागरिक अभिषेख विभुते, भक्तपुरको सूर्यविनायक नगरपालिका–१ बिरुवाका २० वर्षीय सिद्धान्त चौलागाईं र ललितपुरकै महालक्ष्मी नगरपालिका–८ का २० वर्षीय यसवन्त सुनारलाई पक्राउ परेका थिए । बसुन्धाराबाट अर्का युवक पक्राउ परेसँगै पक्राउ पर्नेको संख्या ६ पुगेको छ । यसअघि ललितपुरबाट १६९ ग्राम ९७० मिलिग्राम सुन, २४७ ग्राम २५० मिलिग्राम चाँदी, ५० लाख ४ हजार ७३० नगद, डिजिटल तराजु, हार्ड डिस्क, सुन पगाल्ने मेसिन, बैंकमा नगद जम्मा गरेको भौचर प्रहरीले बरामद गरेको थियो । ललितपुर महानगरपालिका–१४ स्थित एक निर्माणाधीन घरमा शंकास्पद कारोबार भइरहेको भन्ने सूचना पाएपछि प्रहरी वृत्त सातदोबाटोको टोलीले उनीहरूलाई नियन्त्रणमा लिएर भारतीय नागरिक युवराजको फ्ल्याटमा खानतलासी गरेको थियो ।

# डबल त्रिशूल तोरीको तेलमा अखाद्य पदार्थ




**मधेशदृष्टि**
**वीरगंज ।**
श्री हनुमान आधुनिक खाने तेल उद्योग छत्तरपिपरा बारामा उत्पादित डबल त्रिशूल नामक तोरीको तेलमा अखाद्य पदार्थ 'लेदो' भेटिएको छ । जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारस्थित एक होलसेल पसलबाट खरिद गरिएको डबल त्रिशूल नामक तोरीको तेलमा लेदो भेटिएको हो । तरकारी पकाउन प्रयोग गर्ने क्रममा कराई (तरकारी पकाउन प्रयोग गरिने भाँडो)मा हालिएको तेल तातिँदै गएपछि बिस्तारै लेदो बनेको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका–१ दिक्तेलका स्थानीय बासिन्दा एवम् नेपाल कम्युनिस्ट पार्टी (एमाले) नगर कमिटी अध्यक्ष गोपाल आचार्यले बताए । छिमेकी जिल्ला उदयपुरको गाईघाट तथा कटारी हुँदै ट्रकमार्फत खोटाङको दिक्तेल बजार ल्याएर बिक्री गरिएको उक्त कम्पनीको तोरीको तेलमा लेदो भेटिएको गुनासो आएपछि पत्रकारहरूको उपस्थितिमा परीक्षण गर्दासमेत त्यस्तै भेटिएको छ । दिक्तेलस्थित अस्पताल चोकमा सञ्चालित प्रज्ज्वल स्टोरबाट एक सय पाँच रुपैयाँमा खरिद गरेर पुनः परीक्षण गर्दासमेत उक्त तेल तातिँदै गएपछि बिस्तारै लेदो बनेको पाइएको हो ।

# क्यानको निर्णयः
# बेगम निलम्बित, आलमको फुकुवा गर्ने पहल

नेपाल क्रिकेट संघ
CAN




मधेशदृष्टि
वीरगंज ।
नेपाल क्रिकेट सङ्घ (क्यान)ले नेपाली राष्ट्रिय महिला क्रिकेट खेलाडी अप्सरी बेगमलाई सङ्घको आचारसंहिता उल्लङ्घन गरेको भन्दै निलम्बन गरेको छ । क्यानको शुक्रबार बसेको केन्द्रीय कार्यसमितिको बैठकले टोली व्यवस्थापक र प्रशिक्षकमाथि अभद्र व्यवहार गरेको भन्दै बेगममाथि थप छानबिन गरी आवश्यक निर्णय गर्न अनुशासन आयोगलाई जिम्मा दिने निर्णय गरेको हो । श्रीलङ्कामा यही जुलाई १९ देखि २८ तारिखसम्म हुने महिला टी–२० एसिया कपको तयारीका लागि नेपाली महिला क्रिकेट खेलाडीको बन्द प्रशिक्षण चलिरहेको छ । सोही क्रममा बेगमले टोली व्यवस्थापक र प्रशिक्षकमाथि अभद्र व्यवहार गरेको भन्दै बेगमलाई क्यानले तत्कालका लागि निलम्वन गरेको जनाएको छ ।



यसैबीच क्यानले म्याच फिक्सिङमा अदालतबाट सफाइ पाएका क्रिकेटर आदिल आलमको निलम्बन फुकुवा गर्ने सम्बन्धमा सङ्घको अनुशासन समितिलाई एक हप्ताभित्र आवश्यक निर्णय गर्न जिम्मेवारी दिने लगायतको निर्णय गरेको छ ।
बैठकले क्यान उपाध्यक्ष रोशनकुमार सिंहसँगै केन्द्रीय सदस्य माधवकुमार कर्माचार्य, दुर्गाराज पाठक र सुनसरी जिल्ला क्रिकेट सङ्घका अध्यक्ष चेतनाथ पौडेललाई स्पष्टीकरण सोध्ने निर्णय गरेको छ । उनीहरूले अमेरिका र वेस्ट इण्डिजमा हालै सम्पन्न टि–ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताबारे आधारहिन विषयवस्तुको प्रचारप्रसार गरेको भन्दै स्पष्टिकरण सोध्ने निर्णय गरेको हो । यस्तै क्यानले राष्ट्रिय टोलीका सदस्य सन्दीप लामिछानेले टि–ट्वान्टी अन्तरराष्ट्रिय क्रिकेट प्रतियोगितामा एक सय विकेट लिन सफल भएकामा बधाई दिँदै उनलाई 'ए' ग्रेडमा रहने गरी केन्द्रीय सम्झौतामा अनुबन्ध गर्ने निर्णय गरेको छ । क्यानले उनलाई यही जुलाई १ देखि डिसेम्बर ३१ तारिखसम्म 'ए' ग्रेडमा अनुबन्धित गरिएको जनाएको छ । यसैगरी त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानको 'पिच' पुनःनिर्माण गरी स्तरोन्नति गर्ने, प्रादेशिक क्रिकेट सङ्घसँग समन्वय गरी सातवटै प्रदेशमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको टर्फ विकेट निर्माण गर्ने निर्णय भएको क्यानका महासचिव पारस खड्काले जानकारी दिए ।




ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा. लि.
Institute of Health Research Development Pvt. Ltd.

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

मधेश प्रदेशको सबैभन्दा पहिलो २०५२ सालदेखि संचालनमा रहेको ईन्स्टिच्युट अफ हेल्थ केयर रिसर्च डेभलपमेन्ट प्रा.लि., जनकपुरधाम-४, धनुषामा शैक्षिक सत्र २०८१/०८२ को लागि स्वास्थ्य तर्फको सामान्य चिकित्सा हेल्थ असिस्टेन्ट ३ वर्षे कोर्षमा भर्ना खुलेकोले SLC/SEE पास विद्यार्थीहरुले प्रवेश परीक्षा आवेदन फारम भर्नुहोस् ।

तपसिल
१. फारम भर्ने मिति : २०८१/०३/१६ गतेदेखि २०८१/०४/१३ गते दिउँसो २ बजेसम्म
२. प्रवेश परीक्षा मिति : २०८१/०४/१९ गते, बिहान ८ बजे
३. सम्पर्क स्थान : ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट, प्रा.लि., जनकपुरधाम-५, धनुषामा, कर्मचारी संचयकोष कार्यालयदेखि (करिब ५० मिटर) दक्षिण
☎०४१-४२२६७९/९८४६०७३३००/९८४४२२०९६८/९८४४०५३९५५/९८२७८३४१८४
नोट:- यस ईन्स्टिच्यूटमा २०५२ साल देखि अ.हे.व./अ.न.मी. कार्यक्रमहरु साथै २०७१ सालदेखि सामान्य चिकित्सा H.A. ३ वर्षे कार्यक्रम संचालनमा रहेको समेत जानकारी गराईन्छ ।
-प्रिन्सिपल

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन